जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २१३ • २०७९ साल पुस १३ गते बुधबार (28 December, Wednesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## कांग्रेसको दम्भले गठबन्धन भत्कियो : मातृका

**टुडे समाचारदाता**



जनकपुरधाम । माओवादी केन्द्रका उप-महासचिव मातृका प्रसाद यादवले कांग्रेसको दम्भका कारण गठबन्धन भत्केको आरोप लगाएका छन् ।

उनले कांग्रेस सभापति शेरवहादुर देउवामा ओली भन्दा बढी दम्भ र अहंकार रहेको आरोप लगाउँदै पार्टी अध्यक्ष नचाहँदा चाहँदै गठबन्धन भत्काउने देउवा रहेको आरोप लगाए ।

पार्टी अध्यक्ष प्रचण्डले गठबन्धन जोगाउने अथक प्रयास गरे पनि जोगाउन नसकिएको उनले बताए । पाँच दलीय गठबन्धन गठन भएको बेला निर्वाचनपछि पहिलो प्रधानमन्त्री प्रचण्ड हुने सहमति भए पनि कांग्रेसले अन्तिममा आएर देखाएको दम्भ र नेकपा एमालेका ओलीको लचकताले प्रचण्ड नेतृत्वको सरकार गठन भएको सह-महासचिव यादवले दाबी गरे ।

संसदीय दलको निर्वाचनमा देउवाले बढी मत ल्याएपछि उनमा दम्भ पलायो र उनलाई उचाल्नेहरु धेरै भएका कारण उनले विगतमा गरेका भद्रसहमति विपरीत गएको उनको आरोप छ । गठबनधनको सरकार बन्नेमा आफू ढुक्क रहेको बताउँदै नेता यादवले आफू अध्यक्षलाई भनेर आफ्नो गाउँ सबैला फर्किसकेको समेत बताए ।

अबको सरकारको नेतृत्व प्रचण्डले गर्ने संसारलाई थाहा भएको बताउँदै सह-महासचिव यादवले प्रचण्डलाई अलमलमा राखेर केही पनि नदिने कांग्रेसको योजना प्रचण्डले असफल तुल्याएको उनको भनाइ छ । कांग्रेसले गैर वामको सरकार बनाउने विभिन्न किसिमको छलफल गरेको योजना थाहा पाएपछि ओली र प्रचण्डले सरकार गठन गराएको उनले बताए ।

सह-महासचिव यादवले प्रचण्ड र ओली बालकोटमा छलफलमा रहेका बेला देउवाले ओलीलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेको खुलासासमेत गरे । देउवाले कहिले प्रचण्डलाई कहिले ओलीलाई फोन गरेर प्रधानमन्त्रीमा सघाउनुस त प्रधानमन्त्री बन्नुस भनेर प्रस्ताव गरेको उनले बताए ।

उनले राजनीतिमा पारदर्शिता हुनुपर्ने जिकिर गर्दै नेकपा विभाजन नभएको भए कांग्रेस तेस्रो चौथो स्थानको पार्टी हुने थियो उनले जिकिर गरे ।

मधेश प्रदेशमा माओवादीको पतन हुनुमा नेताहरु दोषी रहेको टिप्पणी गर्दै सह-महासचिव यादवले पहडिया नेताहरुले पार्टी भित्र मधेश प्रदेशलाई लिएर विवाद उत्पन्न गराएको आरोप समेत लगाएका छन् ।

# जसपामा संसदीय दलका नेताका लागि कडा प्रतिस्पर्धा

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपाल संसदीय दलको नेता चयनको गृहकार्यमा लागेको छ । संसदीय दलको नेता चयनका लागि गठन गरेको निर्वाचन समितिले सहमतिका लागि दुई दिनको समय दिएको थियो । त्यो दुई दिन मंगलवार सकिएपछि बुधवारका लागि निर्वाचनको मिति निर्धारण गरिए पनि मंगलवार दिनभरमा नटुगिंएपछि वुधवार चुनावको प्रक्रियामा जाने भएको छ ।

समितिले चुनावको समय तालिका बुधवारका लागि तय गरेको छ । यता, पार्टीमा सहमतिका लागि प्रयास भइरहेको छ ।

संसदीय दलको नेताको आकांक्षी जसपा संघीय परिषद्का अध्यक्ष एवं सांसद अशोक राई, कार्यकारिणी सदस्यहरु राजकिशोर यादव, नवलकिशोर साह र राम सहाय यादव रहेका छन् । पार्टीको वरिष्ठ नेताको हैसियतले अशोक राईले आफू सहमतिका आधारमा संसदीय दलको नेता बन्नुपर्ने दाबी गर्दै आइरहेका थिए ।

तर उनी निर्वाचनमा नजाने भएपछि आफ्नो पक्षबाट पार्टीका कार्यकारिणी समितिका सदस्य राजकिशोरलाई उम्मेदवारका रुपमा अगाडि सार्ने भएका छन्,भने पार्टीका अध्यक्ष उपेन्द्र यादवको तर्फबाट संसदीय दलका नेताका लागि रामसहाय यादव रहने जनाइएको छ ।

नवल किशोर साहको चर्चा भए पनि उनी मनोनयन दर्ता नगराउने एक नेताले जनाएका छन् । अधिकांश नेताहरु मधेशबाट चुनाव जितेका कारण मधेशबाट कोही संसदीय दलको नेता बन्नुपर्ने दबाब पार्टीमा छ । जस कारण अशोक राई प्रतिस्पर्धाबाटपछि हटेका छन् । जसपाका अध्यक्ष यादवको आकांक्षा पनि अशोक राई नै संसदीय दलको नेता बनोस् भन्ने रहेको छ तर उनी पार्टीभित्रै मधेशी नेताहरुको दबाबमा परेका छन् । पार्टीमा सहमति हुन सकेन भने यादव पनि चुनाव गराउने पक्षमा रहेका छन् ।

चुनाव भयो भने अशोक राई संसदीय दलको नेता बन्ने छैनन् । १२ जनामध्ये हालसम्म तीनजना मात्र उनको पक्षमा खुलेर लागेको देखिएको छ । नौजना सांसद मधेशबाट नै संसदीय दलको नेता बन्नुपर्ने पक्षमा रहेका छन् ।

जसपाले संसदीय दलको नेता चयन गर्न निर्वाचन तालिका पनि सार्वजनिक गरेको छ । निर्वाचन तालिका अनुसार बुधबार विहान ११ बजेदेखि १२ बजेसम्म मनोनयन दर्ता हुनेछ । यस्तै १२ बजेदेखि दिउँसो साढे १२ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन, साढे १२ बजेदेखि डेढ बजेसम्म नाम फिर्ता लिने, डेढ बजेदेखि दिउँसो २ बजेसम्म दाबी विरोध गर्ने र दिउँसो २ बजेदेखि अढाइ बजेसम्म उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

त्यसपछि अढाइ बजेदेखि साढे ३ बजे सम्म मतदान हुने र साढे ३ बजेपछि मतदानको परिणाम सार्वजनिक गर्ने कार्यक्रम रहेको जसपा संसदीय दलको कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभामा जसपाका १२ जना सांसद छन् । अध्यक्ष यादव निर्वाचनमा पराजित भए भने संघीय परिषद अध्यक्ष अशोक राई सांसद निर्वाचित भएका छन् । यद्यपि संसदीय दलको नेता को चयन हुन्छ टुंगो नभएको नेताहरुले बताएका छन् ।

जसपाले संसदीय दलको नेता चुन्न नसकेका कारण सरकारमा सहभागी हुने मन्त्रीहरुको समेत टुङ्गो लाग्न सकेको छैन् ।

## सहमति नभए भोलि चुनाव

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)को मधेश प्रदेशमा बिहीवार संसदीय दलका नेता चुन्न पार्टीका अध्यक्ष उपेन्द्र यादव जनकपुरधाम आउने भएका छन् ।

उनी जनकपुरधाम पुगेपछि संसदीय दलका नेता सर्वसम्मतले चुन्ने प्रयास गर्ने छन् तर, सर्वसम्मत नभए शुक्रवार निर्वाचन हुने भएको छ ।

केन्द्रमा नेकपा एमाले, माओवादी केन्द्र लगायतको छलफलमा मधेश प्रदेशको नेतृत्व जसपालाई दिने सहमति भएको छ । जसपामा संसदीय दलका नेता बनने मुख्यमन्त्री हुनेभपछि यहाँ संसदीय दलका नेतामा दाबी गर्नेहरुको संख्या बढी छ । हुनत यहाँ पनि त्रिपक्षीय प्रतिस्पर्धा देखिएको छ ।

यहाँ जसपामा संसदीय दलका नेताका लागि सभामुख सरोजकुमार यादव, मुख्यमन्त्री लालबाबु राउत र रामअशिष यादव प्रतिस्पर्धामा छन् । तर, सभामुख यादवको सम्भावना बढी देखिएको छ ।








**सिरक डसना बनाउँदै** : महोत्तरीको सदरमुकाम जलेश्वरमा सिरक डसना बनाउँदै कालिगड । *तस्विरः रासस*

# काठ चोरी निकासी गर्ने सात जनाविरुद्ध मुद्दा दर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा पछिल्लो चार महिनामा अवैधरूपमा काठ चोरी निकासी गर्ने सात जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ ।


डिभिजन वन कार्यालय जनकपुरधाम धनुषाले दिएको जानकारी अनुसार अवैधरूपमा काठ ओसारपसार र चोरी निकासीको आरोपमा चार महिनामै सात मुद्दामा करिब ५० क्युफिट काठसहित आरोपीलाई पक्राउ गरिएको छ ।

कार्यालयका प्रमुख वन अधिकृत बेचन चौधरीले भदौयता अवैधरूपमा काठ चोरी निकासी गर्नेलाई पक्राउ गरी चारवटा मुद्दा दर्ता गरिएको र तीनवटा मुद्दा दर्ता प्रक्रियामा रहेको जानकारी दिएका छन् । उनले अवैध काठ चोरी निकासीको आरोपमा पक्राउ पर्नेमा धेरैजसो मिल मालिक रहेको छ ।

"चार महिनामा सात घटनामा संलग्नलाई पक्राउ गरेका छौँ, अरुमाथि निगरानी बढाएका छौँ", चौधरीले भने, "विभिन्न कठिनाइका बाबजुद वन संरक्षण र चोरी निकासी नियन्त्रणका लागि हामी नयाँ रणनीतिसहित अगाडि बढेका छौँ", प्रमुख वन अधिकृत चौधरीले थोरै वन भएको जिल्लामा धेरै अवैध चोरी निकासीका घटना हुनु दुःखद् भएको उल्लेख गर्दै यसलाई नियन्त्रण गर्न सबैको सहयोग जरुरी रहेको बताएका छन् । यी मुद्दामा एउटा ट्र्याक्टरसहित करिब ५० क्युफिट काठसमेत बरामद गरिएको चौधरीले जानकारी दिए ।

सामुदायिक वन उपभोक्ता महासंघ धनुषाका अध्यक्ष चन्द्र चौधरी महासंघले वन तथा वन पैदावारको संरक्षण गर्न समुदायमा सचेतना अभिवृद्धि र चोरी निकासी नियन्त्रणका लागि सधैँ सहयोगी भूमिका निर्वाह गरिरहेको बताउँछन् ।

"संरक्षणका काममा महासंघ सधैँ साथसाथ छ", उनले भने, "वन क्षेत्र विस्तार तथा अतिक्रमित क्षेत्र फिर्तालगायतका काममा वन कार्यालयले नेतृत्व गरोस् भन्ने हाम्रो चाहना हो ।"



### वन अतिक्रमण र चोरी निकासी मुख्य समस्या

धनुषा मधेश प्रदेश अन्तर्गतका आठ जिल्लामध्ये सबैभन्दा कम वन क्षेत्र भएको जिल्ला छ । यस जिल्लामा कुल क्षेत्रफल (एक लाख १८ हजार तीन सय हेक्टर)को २७ हजार पाँच सय ७८.६ हेक्टर वन अर्थात २३ दशमलव ३१ प्रतिशत वन क्षेत्र रहेको छ भने त्यसमध्ये आठ सय ७२ हेक्टर अतिक्रमण गरिएको डिभिजन वन कार्यालय धनुषाको तथ्याङ्क छ ।

"अतिक्रमण र चोरी निकासी वन संरक्षणका लागि मुख्य समस्या हो", प्रमुख वन अधिकृत बेचन चौधरीले भने, "४० वर्ष अघिदेखि पटक-पटक गरी आठ सय ७२ हेक्टर वन अतिक्रमण भएको छ ।

दुई हजार एक सय ६२ परिवारले त्यो भूमिलाई अवैधरूपमा उपभोग गरिरहेको छ ।" उनले केही वर्षयता थप अतिक्रमण हुन नदिन उच्च सतर्कतासहित डिभिजन वन कार्यालयले काम गरिरहेको र अब अतिक्रमित भूमि मुक्त गर्न कार्ययोजना बनाएर अगाडि बढ्ने बताएका छन् ।

जिल्लाको अधिकांश वन क्षेत्र उत्तरतर्फको चुरे र भावरमा पर्ने भएकाले त्यहाँको भौगोलिक संरचनाको संवेदनशीलतालाई मध्यनजर राखी संरक्षणमुखी व्यवस्थापन कार्यमा सामुदायिक वनले पनि सहयोग गरिरहेको चौधरीको भनाइ छ ।

सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष चन्द्रा चौधरीले संरक्षणका गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समितिलाई थप परिचालन र यहाँ रहेका वन पैदावारमा आधारित उद्योगलाई समेत जिम्मेवार बनाउने गरी अभियानकै रूपमा कार्यक्रम अगाडि बढाउन सके चोरी निकासी नियन्त्रणमा टेवा पुग्ने धारणा राखे ।

धनुषामा हाल दुई सयभन्दा बढी वन पैदावारमा आधारित सःमिल तथा फर्निचर उद्योग,४० वटा सामुदायिक वन, २५ कबुलीयती वन, एक-एक साझेदारी र संरक्षित वन तथा दुई सय १० निजी वन रहेका छन् ।

# महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका एक सय ५० महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गरिएको छ ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेश जनकपुरधामले नेपाल पत्रकार महासङ्घको सदस्यता लिएका र रेडियो, टिभी, अनलाइन र छापामाध्यमलगायतका सञ्चारमाध्यममा कार्यरत सक्रिय महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गराएको छ ।

गत २०७९ असारमा बीमा भएका सबै महिला पत्रकारले २०७९ साउन १ गतेदेखि बिमा सुविधा लिन पाउने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिए ।

हालसम्म एक सय ५० महिला पत्रकारको स्वास्थ्य तथा दुर्घटना बीमा गराइसकिएको र चालु आर्थिक वर्ष २०७९/८० मा प्रदेशभरिका सबै सक्रिय पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमा गराउने योजना रहेको उनले बताएका छन् ।

जिटुजी फोलिसीअन्तर्गत पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमा गराउन राष्ट्रिय बिमा कम्पनी लिमेटडसँग सम्झौता भएको र बिमावापत लाग्ने प्रिमियम आमसञ्चार प्राधिकरणले जम्मा गरिदिने अध्यक्ष यादवको भनाइ छ । बिमावापत पत्रकारले वर्षमा रु एक लाखसम्मको औषधोउपचार खर्च र रु सात लाखसम्मको दुर्घटना बिमा सुविधा पाउने छन् ।

यस्तै आमसञ्चार प्राधिकरण मधेस प्रदेशले यही पुस महिनाको तेस्रो सातादेखि पर्साको वीरगञ्जबाट प्रेस प्रतिनिधि परिचयपत्र वितरण सुरु गरिने जनाएको छ ।

प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्ने पत्रकारको स्वतः स्वास्थ्य तथा दुर्घटना बिमा हुने अध्यक्ष यादवले बताउनुभयो । प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्न मधेस प्रदेशअन्तर्गतको जिल्लामा कम्तीमा दुई वर्षदेखि सक्रिय पत्रकारिता गर्दै आएको हुनुपर्ने प्रावधान राखिएको छ ।

यसका साथै प्रेस प्रतिनिधि परिचयपत्रका लागि पत्रकारले कार्यरत सञ्चारमाध्यमको नियुक्तिपत्र, सम्बन्धित सञ्चारमाध्यमको अद्यावधिक गराएको कागजात, नागरिकता प्रमाणपत्रलगायतको कागजात बुझाउनुपर्ने व्यवस्था गरिएको आमसञ्चार प्राधिकरणले जनाएको छ ।

## अब पोलियो विरुद्धको खोप १४ हप्तामा

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पोलियोविरुद्धको खोप 'एफआइपिभि' लगाउने समय परिवर्तन गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले विज्ञको सल्लाहमा नै लगाउने समयको अवधि परिवर्तन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार एक वर्ष मुनिका बालबालिकाका लागि पहिले छ हप्ता र १४ हप्तामा गरी दुई मात्रा दिने गरेकामा अब पहिलो मात्रा १४ हप्ता र दोस्रो मात्रा नौ महिनामा लगाइने छ ।

यस्तै एक वर्ष उमेरमा खोप लगाउन छुटेमा पाँच वर्षभित्रमा बालबालिकाले पनि लगाउन सकिने उहाँले बताउनुभयो । उहाँका अनुसार पाँच वर्षभित्रमा बालबालिकाले चार महिनाको फरकमा दुई मात्रा खोप लगाउने छन् ।रासस

# बढ्दो चिसोमा किसानलाई कामको चटारो

महोत्तरी । मध्य पुसमा महोत्तरीमा अत्यधिक चिसो छ । चिसोबाट बच्न अनेकन उपाय खोजीरहँदा यहाँका किसानलाई भने कामको चटारो छ । यो गहुँबाली लगाउने, गोभी, खुर्सानीलगायत तरकारी बजार पुऱ्याउनु पर्ने र उखुक्रसिङको समय भएकाले किसानलाई खेतीपातीको काममा भ्याइनभ्याइको अवस्था छ ।

अर्को सिजनका लागि तरकारी खेतीका लागि खनजोतको काम यसैबेला गर्नुपर्ने भएपछि किसानलाई एकपछि अर्को कामको चटारोले छोपेको हो । समय घर्कंदा बित्ने यी कामसँगै आउनै लागेको तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्वको जोहोमा पनि लाग्नुपर्ने बाध्यता छ । यहाँका किसानहरू मध्य पुसको थरथरी कमाउने चिसोबीच आराम गर्न पाएका छैनन् ।

"खेतीपातीको कामलाई जाडो र गर्मीको छुट दिँदैन, समयमै गर्न परिहाल्छ, असरल्ल काम छ", भङ्गाहा-४ रामनगरका किसान अरुण गिरीले, "गोभी टिपेर आजै बजार लगिएन भने भोलिसम्म फूल फक्रेर कक्रक्क पर्छ, तर चिसोले अलिक गाह्रो बनाएको छ ।" उहाँ यतिबेला उखु काट्ने, मुठा पार्ने र ट्र्याक्टरमा लोड गर्ने काममा पनि व्यस्त हुनुहुन्छ ।

खेतीपातीका यी कामसँगै अहिले मधेस प्रदेशका प्राचीन मिथिला क्षेत्रका किसानलाई तिलासक्रायत पर्वको चटारोले पनि छोपेको छ । तिलासक्रायतका लागि चिउरा/मुरी बनाउन धान भिजाउने, उसिन्ने, कुट्ने काममा घरघरका गृहिणी लागेका छन् ।

त्यसैगरी तिल खेती गरेका किसान तिल झाँट्ने, निफन्ने काममा व्यस्त



देखिन्छन् । पर्वमा चिउरा, मुरी र तिलका 'लाई' (लड्डु) बनाउन चाहिने सख्खरको जोहोका लागि कतिपय किसान आफैँ धमाधम उखु पेलेर सक्खर पकाउन थालेका छन् । आफ्नो घरको पर्व सामग्रीको जोहो पनि हुने र यी सामग्रीले अहिले राम्रो भाउ पाउने भएपछि किसान जाडो नभनी काममा जुटेका हुन् । मिथिलामा माघ सङ्क्रान्तिका दिन तिलासक्रायत पर्व मनाउने परम्परा छ ।

"पवनी (पर्व)ले छोपी सक्यो, खेतीपातीका काम असरल्ल छन्, अहिले सख्खरका लागि उखु पेल्ने, मुरी/चिउराका लागि धान उसिन्ने र तिल झाँट्ने र बजार लाने काम छन्, लगत्तै अब १० दिनपछि अलुवा (सखरखण्ड, सुठुनी), पिँडालु र तरुल खन्ने काम सुरु हुन्छ", रामनगर बस्तीकै ४५ वर्षीय किसान चन्देश्वर राय दनुवारले भन्नुभयो, "अहिले बजार पुऱ्याउन नसकिएको तिलको भाउ सङ्क्रान्तिपछि घट्छ ।"

> **मिथिलामा सबै जातजाति र समुदायले तिलासक्रायत पर्व मन खोलेर मनाउने गर्छन् । यहाँका थारू समुदायको त यो मुख्य पर्व नै हुँदा एक महिना पहिलेदेखि नै तयारी थालिन्छ । थारू समुदायमा पर्वविशेषमा मासु अनिवार्य परिकारमा पर्ने हुँदा यसको जोहो गर्न केही पहिलेदेखि नै थारूहरूको व्यस्तता बढ्ने गरेको छ ।**

मिथिलामा तिलासक्रायत पर्वमा अलुवा, तरुल र पिँडालुजस्ता कन्दमूल उसिनेर खाने/ख्वाउने स्थापित परम्पराले माघे सङ्क्रान्तिअघि यी उत्पादनले राम्रो बजार पाउने गरेका छन् । मात्र एक कट्ठा क्षेत्रफलमा लगाइएको अलुवाबाट सङ्क्रान्तिअघि बजार पुऱ्याउनसके १० हजार हाराहारी आम्दानी गर्न सकिने दनुवारको भनाइ छ । कन्दमूल खन्ने र बजार पुऱ्याउने काम भने पुस चौथो साता लागेपछि थालिने दनुवारले बताउनुभयो । पर्वमा सख्खरको खुँदोमा मिसाएर बनाइने तिल, चिउरा, मुरी र जुनेलोको लाई (लड्डु) खाने/ख्वाइने चलन छ ।

त्यसैगरी गोभी, भाण्टा, हरियो केरा, आलु, परवल र लौकीको तरुवा खाने प्रचलनले यी वस्तुले राम्रो भाउ पाउँछन् । पर्वका लागि आफ्नै घरको तयारी र पर्वअघि नै यी फसल बजार पुऱ्याउनै पर्ने र नियमित खेतीपातीका कामले अहिले फुर्सद पनि नभएको बलवा नगरपालिका-१० धमौराका किसान वासुदेव पासवानको भनाइ छ ।

पर्वकै तुक पारेर उखु किसान धमाधम उखु पेल्ने र खुँदो पकाएर मिठ्ठा (सख्खर) बनाउने काममा तल्लीन देखिएका छन् । "अहिले जाँगर नचलाए आम्दानी हुँदैन", मिठ्ठा बनाउन ठूलो चुलोमा खुदो उमाल्न व्यस्त बर्दिबास-६ प्रेमनगरका किसान रामकृपाल महतोले भन्नुभयो, "उखुबाट हुने आम्दानीले वर्षभरिलाई पुग्ने अन्न जोहो गर्नुपर्छ ।"

मिथिलामा सबै जातजाति र समुदायले तिलासक्रायत पर्व मन खोलेर मनाउने गर्छन् । यहाँका थारू समुदायको त यो मुख्य पर्व नै हुँदा एक महिना पहिलेदेखि नै तयारी थालिन्छ । थारू समुदायमा पर्वविशेषमा मासु अनिवार्य परिकारमा पर्ने हुँदा यसको जोहो गर्न केही पहिलेदेखि नै थारूहरूको व्यस्तता बढ्ने गरेको छ ।

तिलासक्रायत पर्वपछि यसको सनेस (कोसेली) पठाउने मिथिलामा आम चलन छ । विवाह भएका छोरी/चेली (फुपू, दिदीबहिनी र छोरीभतिजी) मित/मितिनी र नजिकी इष्टमित्रकहाँ पर्वविशेषका परिकार पुऱ्याइने परम्परा छ ।रासस

# सवारी साधन कारबाहीबाट ९० लाख राजस्व संकलन

मलंगवा । जिल्ला ट्राफिक कार्यालय सर्लाहीले चालु आर्थिक वर्षको पाँच महिनामा सवारी साधन कारबाहीबाट रु ९० लाख २७ हजार पाँच सय राजस्व सङ्कलन गरेको छ । कार्यालयका अनुसार यसअवधिमा १२ हजार ५० वटा सवारी साधन कारबाहीमा परेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी निरीक्षक ईश्वर कार्कीले पाँच महिनामा जिल्लाका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा २९ जनाको ज्यान गएको जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा दैनिक चार वटासम्म दुर्घटना हुने गरेको छ । यस अवधिमा जिल्लाका विभिन्न स्थानमा तीन सय ९७ वटा दुर्घटना भएका छन् भने दुर्घटनामा परेकामध्ये एक सय २५ जना गम्भीर घाइते भएका छन् ।

पछिल्ला तीन आर्थिक वर्षमा जिल्लामा दुर्घटना र त्यसमा परेर ज्यान गुमाउनेको सङ्ख्या लगातार बढ्दै गएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

आव २०७६/७७ मा एक सय ८४ वटा सवारी दुर्घटना भएकोमा ५० जनाको ज्यान गएको थियो । त्यस्तै आव २०७७/७८ मा ६ सय वटा सवारी दुर्घटना भएकामा ६२ जनाले ज्यान गुमाएको र आव २०७८/७९ मा आठ सय ४६ वटा सवारी दुर्घटना हुँदा ७९ जनाको ज्यान गएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

जिल्लामा सडक र सवारी दिन प्रतिदिन असुरक्षित बन्दै गएको रौतहट सर्लाही यातायात प्रालिका अध्यक्ष राजकुमार मैनालीले बताउनुभयो । सवारी दुर्घटना न्यूनीकरण गर्न सरोकारवाला निकाय बढी जिम्मेवार बन्नुपर्ने नागरिक अगुवा शिवचन्द्र चौधरीको भनाइ छ ।

साँघुरा सडक, सडकको दुरावस्था, लापर्बाहीपूर्ण यातायात सञ्चालन र सवारी साधनको चापका कारण सवारी दुर्घटना हुने गरेको पाइएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यवस्थापन कार्यालय मधेस प्रदेशका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताउनुभयो । उहाँका अनुसार सडकमा हुनुपर्ने सचेतना र सूचना पाटी, सडक लाइनिङसमेत नदेखिने अवस्थामा रहँदा दुर्घटनाको जोखिम बढेको हो ।

दुर्घटना न्यूनीकरणका सम्पूर्ण उपाय अवलम्बन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी निरीक्षक कार्कीको भनाइ छ । उहाँका अनुसार दुर्घटना न्यूनीकरण गर्न सडकमै सचेतना कार्यक्रम चलाउनेदेखि विद्यालयमा ट्राफिक नियमसम्बन्धी कक्षा लिने गरिएको छ ।

दुर्घटना नियन्त्रण गर्न नियमित र आकस्मिक सवारी चेकजाँचसँगै ट्राफिक नियम विपरीत सञ्चालित सवारी साधनहरू र तिनका चालकहरूलाई नियमानुसार दण्ड-जरिवानासमेत गर्ने गरिएको उहाँले बताउनुभयो । रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०७९/०८/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : बलराम यादव**
**ठेगाना:जि.म. बल्वा न.पा.-८, बनौटा**
**मो.नं. ९८१४८५८३८३**
**सिम्बोल नं. ३२८८४२**
**रजि.नं. : ६२१९०६०१२**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : पारिवाहिक सुख । |
| कंकट | : शिक्षामा उन्नति । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भारतीय बिरामीको भीड

**यादवराज पुरी**

गरुडा । रौतहटको सीमावर्ती आँखा अस्पतालमा आँखाका भारतीय बिरामीको दिनहुँ भीड लाग्ने गरेको छ । सस्तो र गुणस्तरीय सेवा पाइने भन्दै उनीहरुको भीड लाग्ने गरेको छ ।



जिल्लाको सीमावर्ती क्षेत्र गौर नगरपालिकामा करिब आधा दर्जन आँखाका अस्पताल खुलेका छन् । जसमध्ये पुरेनवास्थित जिल्लाको सबैभन्दा पुरानो गौर आँखा अस्पतालमा भने आँखाका भारतीय बिरामीको चाप अधिक छ । करिब ३०० किलोमिटरको लामो यात्रा गर्दै भारतको उत्तर प्रदेश गोरखपुरबाट गौर आँखा अस्पताल आएका ६५ वर्षीय शेख अहम्मद भन्छन्,'गौर आँखा अस्पतालमा आँखाको उपचार सस्तो र स्तरीय हुन्छ भन्ने सुनेर आएको हुँ । मोतिबिन्दु भएको आँखाको उपचारका लागि लामो यात्रा गर्दै नेपालको गौर आएको छु ।'

जिल्लाको विभिन्न स्थानमा आँखाको शिविर सञ्चालन गरी आँखाका रोगीको उपचार गर्दै आएको गौर आँखा अस्पतालमा यतिबेला नेपाली आँखाका बिरामीभन्दा भारतीय आँखा रोगीका भीड लाग्ने गरेको अस्पतालका कर्मचारी पवन न्यौपानेले बताए ।

आँखा अस्पतालको तत्थ्यांक बमोजिम रौतहटका आँखा अस्पतालमा विशेषगरी बिहार र उत्तर प्रदेशका नागरिक आउने गरेका छन् । आँखाको शल्यक्रिया गर्दा लाग्ने खर्च भारतीय अस्पतालमा भन्दा नेपालमा तीन गुण कम हुने भएकाले पनि निम्न तथा मध्यम वर्गका भारतीय नागरिक यहाँ आउने गरेको उनी बताउछन् । उनका अनुसार 'फेको' पद्धतिबाट आँखामा 'लेन्स' राखिन्छ । गुणस्तर हेरी कम्तीमा तीन हजार ८४० देखि १६ हजार २४० रुपियाँसम्मका लेन्स आँखामा राखिन्छ ।

बिहार राज्यको राजधानी पटनाबाट दृष्टिदोषको उपचार गराउन आएका आँखाको अर्को बिरामी शिवशंकर पाण्डेले भारतीय आँखा अस्पतालमा आँखाको शल्यक्रिया गराउँदा ३० हजारदेखि ३५ हजारसम्म भारतीय मुद्रा लाग्ने जानकारी दिँदै नेपालमा एक हजार भारतीय रुपियाँमा नै सोको स्तरीय उपचार हुने बताएका छन् ।

आँखा अस्पताल गौरले जिल्लाको चन्द्रनिगाहपुर, बंकुल र गरुडा बजारमा समेत सेवा विस्तार गरेको छ । अस्पतालका मेडिकल डाइरेक्टर डा. प्रज्वल बस्नेतले जाडोयाम सुरु भएपछि आँखाका भारतीय बिरामीको चाप अत्यधिक हुने बताए ।

जाडोयाममा शल्यक्रिया गर्दा नपाक्ने, आँखामा पसिना नपस्ने जस्ता परम्परागत मान्यताले पनि अहिले भारतीय बिरामीको भीड लाग्ने गरेको उनी बताउँछन् ।

अस्पतालमा विशेषगरी आँखामा मोतिबिन्दुको शल्यक्रिया गरी 'लेन्स' राख्ने, दृष्टिदोष समस्याको उपचार गरिन्छ, डा. बस्नेत भन्छन,'अहिले अस्पतालमा दैनिक औसत तीन सयको संख्यामा आँखाका भारतीय बिरामीले उपचार गराउँछन् । यहाँको उपचारबाट बिरामी सन्तुष्ट भएका प्रतिक्रिया पाएका छौं ।'

# प्रयोगशाला स्थापना




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको जिराभवानी गाउँपालिकामा सुविधासम्पन्न स्वास्थ्य प्रयोगशाला स्थापना हुने भएको छ ।

जिराभवानी-२ को सेढंवामा रहेको स्वास्थ्यचौकीमा प्रयोगशाला स्थापनाका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले रु ६० लाख बराबरको प्रयोगशालासम्बन्धी स्वास्थ्य सामग्री र उपकरण उपलब्ध गराउन लागेको छ ।

जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले गाउँपालिकामा सुविधासम्पन्न प्रयोगशाला स्थापनाका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आवश्यक सामग्री र उपकरण उपलब्ध गराउन लागेको जानकारी दिएका छन् ।

गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत प्राण मेहताका अनुसार प्रयोगशालासँग सम्बन्धित प्राविधिक तथा प्रशसनिक विषय प्रदेश प्रयोगशालासँग समन्वय गरी सञ्चालन गर्नुपर्ने छ । सेवाग्राहीलाई बस्ने, खानेपानी र आराम गर्ने राम्रो व्यवस्था स्थानीय तहले गर्नुपर्नेछ । 'ल्याब रिपोर्ट'को राम्रो व्यवस्था गर्नुपर्ने छ ।

प्रयोगशालामा आवश्यक कर्मचारी केमिकल अन्य प्राविधिक उपकरणको व्यवस्था चालु आर्थिक वर्षका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले गर्ने भएको छ । प्रयोगशाला व्यवस्थानका लागि आगामी वर्षका लागि प्रदेश सरकारबाट बजेट प्राप्त हुने जनाइएको छ ।

### बारामा गाजाखेती नष्ट गर्ने अभियान

बारामा प्रहरीले पुनः गाँजाखेती नष्ट गर्ने अभियानलाई निरन्तरता दिएको छ । निर्वाचनका कारण केही महिना रोकिएको सो अभियान सुरु गरिएको छ । यसैक्रममा सोमबार निजगढमा प्रहरीले गाँजाखेती फडानी गरेको छ । निजगढ नगरपालिका-१२ र १३ मा पर्ने कुलियामा लगाइएको गाँजाखेती प्रहरीले फडानी गरी नष्ट गरेको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले कुलियामा १७ कठ्ठा जग्गामा लगाइएको गाँजा फडानी गरेर नष्ट गरेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए । गाँजाखेती गर्नेको व्यक्तिको भने खोजी भइरहेको उनले बताए ।

# पेस्तोलसहित एक जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । घरमै खाल्डो खनी अवैधरुपमा राखेको कटुवा पेस्तोलसहित एक जना पक्राउ परेका छन् ।



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ का शत्रुधन रामलाई कटुवा पेस्तोलसहित प्रहरीले पक्राउ गरेको छ ।

सूचनाको आधारमा पुगेको सशस्त्र प्रहरीवल नेपाल सुरक्षा वेश क्याम्प भारदह र नेपाल प्रहरीको संयुक्त टोलीले रामलाई सोमवार साँझ कटुवा पेस्तोलसहित नियन्त्रणमा लिएको छ ।

रामले आफ्नो गाइगोठमा खाल्डो खनेर प्लास्टिकको झोलामा कटुवा पेस्तोल लुकाई राखेको सूचनाको आधारमा पुगेको सशस्त्र र नेपाल प्रहरीको संयुक्त टोलीले खान तलासी गर्दा कटुवा पेस्तोल फेला परेको डिएसपी नरेश कुमार सिहंले जानकारी दिए ।

रामलाई मंगलवार खरखजाना मुद्दा अन्तर्गत सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद लिइ थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कृषि विकास बैंकको निमित्त प्रमुख कार्यकारीमा सुवेदी

**टुडे समाचारदाता**

काठमाण्डु । अर्को व्यवस्था नहुञ्जेलसम्म कृषि विकास बैंकको निमित्त प्रमुख कार्यकारी पदमा सोही बैंकमा कार्यरत वरिष्ठ उपमहाप्रबन्धक प्रताप सेवेदी नियुक्त भएका छन् । बैंकको सोमबार बसेको सञ्चालक समितिको बैठकले उहाँलाई सो जिम्मेवारी तोकेको छ ।

बैंकको प्रमुख कार्यकारी अधिकृत अनिल उपाध्यायको चारवर्षे कार्यकाल आइतबार सकिएको थियो ।

# मोटरसाइकलको नम्बर परिवर्तन गर्ने चोर पक्राउ

**टुडे समाचारदाता**

राजविराज । मोटरसाईकलको नम्बर परिवर्तन गरी प्रयोगमा ल्याउदै गरेका एक मोटरसाइकल चोर पक्राउ परेका छन् ।



दुई दिन अघि चोरेको मोटरसाइकलको नम्बर परिवर्तन गरी प्रयोगमा ल्याएका राजविराज ४ का २२ वर्षीय सोनु सेख पक्राउ परेका छन् । उनले मोटरसाइकल चोरी गरेको र नम्बर परिवर्तन गरेको स्विकारेका छन् ।

प्रहरीका अनुसार दुई दिन अघि उनले राजविराज ११ का शुभनारायण शर्माको को ३० प ८११२ नम्बरको सुपर स्प्लेन्डर मोटरसाइकल चोरी गरेका थिए ।

डिएसपी नरेश कुमार सिंहले चोरीको उक्त मोटरसाइकलको नम्बर परिवर्तन गरी प्रयोगमा ल्याएका सेख सोमवार राति चेक जाँचको क्रममा राजविराज-हनुमाननगर सडक खण्डबाट पक्राउ परेको बताए ।

मोटरसाइकल चोरीको अन्य घट्नामा पनि सेखको संलग्नता हुनसक्ने आशंका गरिएको छ ।

मंगलवार चोरी मुद्दा शीर्षकमा जिल्ला अदालत सप्तरीबाट सात दिनको म्याद थप गरी उनीमाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सूर्य नेपाल इस्टर्न ओपन सुरू

**टुडे समाचारदाता**

धरान । सुर्य नेपाल गल्फ टुर २०२२-२३ दोस्रो सिजन सुरु भएको छ । सुर्य नेपाल इस्टर्न ओपन प्रतियोगिताको पहिलो दिन घरेलु गल्फर निरज तामाङले एक स्ट्रोकको अग्रता बनाएका छन् ।




पार-७० को धरान गल्फ क्लबको कोर्समा उनले ५-अन्डर ६५ को कार्ड तयार पारे । नेपाल नम्बर एक शुक्र बहादुर राई र सञ्जय लामा ४-अन्डर ६६ को स्कोरकासाथ संयुक्तरुपमा दोस्रो स्थानमा रहेका छन् । ३-अन्डर ६७ मा पहिलो १८ होलको खेल सकाएका भुवन नगरकोटी चौथो स्थानमा रहदा इभन-पार ७० सहित जयराम श्रेष्ठ पाँचौ स्थानमा रहेका छन् ।

एमेच्योर गल्फर राजकुमार राई १-ओभर ७१ सहित छैटौ स्थानमा छन् । यसैगरी २-ओभर ७२ को स्कोरमा सात व्यवसायिक खेलाडीहरु रबि खड्का, रमेश अधिकारी, रामे मगर, टंक बहादुर कार्की, सुर्य प्रसाद शर्मा, दिनेश प्रजापति र बलभद्र राईले सातौ स्थान बाडेका छन् ।

लिडर निरजले सानदार सुरुवात गर्दै फ्रन्ट नाइन ६-अन्डर ३० मा सकाउने क्रममा दोस्रो, तेस्रो, पाँचौ, छैटौ र सातौ होलमा बर्डीको सफलता प्राप्त गरे। यसपछि आठौ होलमा बोगि खेपेका उनले चार पारको नवौ होलमा इगल प्रहार गरे । ब्याक नाइनको सुरूवाती तीन होलमा बर्डी प्रहार गर्दै उत्कृष्ट स्कोरतर्फ अग्रसर भएपनि १३औं, १४औं, १७औं र १८औं होलमा बोगीको सामना गरे। ब्याक नाइन उनले १-ओभर ३५ मा पुरा गरे ।

नेपाल नम्बर एक शुक्रले १-अन्डर ३५ मा फ्रन्ट नाइनको खेल सकाउदा ब्याक नाइनमा ३-अन्डर ३१ को उत्कृष्ट प्रदर्शन गरे । सुरूवाती दुई होलमा बोगी खेपेका उनले पाँचौ, छैटौ र नवौ होलमा बर्डी प्रहार गरे। यसपछि १० औं, १३ औं, १५ औं र १८ औं होलमा एक-एक सट बचाए भने १४ औं होलमा बोगी खेपे । यसैगरी सञ्जय लामाले फ्रन्ट नाइट ३-अन्डर ३३ मा पुरा गर्ने क्रममा दोस्रो, पाँचौ र छैटौ होलमा बर्डी प्रहार गरे । यसपछि १० औं, १६ औं र १८ औं होलमा एक-एक सट बचाए । तर १३ औं र १४ औं होलमा लगातार दुई बोगी प्रहार गर्दै ब्याक नाइन १-अन्डर ३३ मा सकाए ।

प्रतियोगिताको एमेच्योरतर्फ राजकुमार राईले दुई स्ट्रोकको अग्रता बनाएका छन् । दोस्रो स्थानमा रहेका रूपेन्द्र गुरूङ र युवराज भुजेलले ३-ओभर ७३ को कार्ड बनाए । उनीहरू प्रोफेसनल गल्फर धन बहादुर थापासँग संयुक्तरुपमा १४औं स्थानमा रहेका छन् । प्रो दल बहादुर लामा, थाम बहादुर राई, दीपक आचार्य र भुवन कुमार रोक्कासँगै एमेच्योर खेलाडीहरू शुक्र राज राई र सुन्दर राई संयुक्तरुपमा १७ औं स्थानमा रहेका छन् ।

नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनको आयोजना र सुर्य नेपाल प्राईभेट लिमिटेडको प्रायोजनमा जारी ५४ होलको प्रतियोगितामा २९ प्रोफेसनल र ११ एमेच्योर खेलाडीले सहभागिता जनाएका छन् । दोस्रो दिनको समाप्तिमा उत्कृष्ट २१ व्यवसायीक र कम्तीमा ६ एमेच्योर खेलाडीले अन्तिम १८ होलको खेलका लागि कट बनाउने छन् ।

कुल आठ लाख पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले १ लाख ४० हजार प्राप्त गर्नेछन् । उपविजेताले ९० हजार तथा तेश्रो हुनेले ६७ हजार प्राप्त गर्नेछन् । उत्कृष्ट २१ भित्र पर्न सफल प्रोफेसनल खेलाडीले नगद पुरस्कार प्राप्त गर्नेछन् ।

ग्लोबल आइएमई बैंक लिमिटेड

मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ मुद्दती योजना सम्बन्धी सूचना

मधेश प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय जनकपुरधाम धनुषाको कार्यदिश बमोजिक यस बैंकद्वारा सञ्चालित "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ मुद्दती अभियान" अन्तर्गत मिति २०७९/०३/३१ गते भित्र शिक्षा विकास निर्देशनालय, मधेस प्रदेशको कार्यालयमा आवेदन दर्ता तथा स्विकृत गराई सहभागी हुनु भएका सम्पूर्ण बालिकाहरुको मुद्दती खाता खोलीसकेको जानकारी गराउदछौं । साथै, उक्त खाताको मुद्दती रसिद प्राप्त गर्नको लागि आफूलाई पायक पर्ने यस बैंकका मधेश प्रदेशमा अवस्थित शाखा कार्यालयहरु मार्फत ग्राहक पहिचान अध्यावधिक (KYC Update) को लागि चाहिने निम्न कागजात लिई सम्पर्क गर्नुहुन अनुरोध छ ।

KYC Update को लागि चाहिने कागजातहरु :-


- बच्चाको जन्मदर्ता प्रतिलिपी/सक्कल -१ प्रति
- बच्चाको पासपोर्ट साईज फोटो -२ प्रति
- संरक्षकको नागरिकता प्रतिलिपी/सककल - १ प्रति
- संरक्षकको पासपोर्ट साईज फोटो -२ प्रति

नोट -

- KYC Update गरिसक्नु भएका ग्राहकहरुको हकमा माथि उल्लेखित कागजातहरु अनिवार्य नभएको तथा वहाँहरुले मुद्दती रसिद यस मधेश प्रदेशमा अवस्थित बैंकको जुनसुकै शाखा कार्यालयहरुमार्फत नेपाल सरकारद्वारा जारी कुनै परिचयपत्र पेश गरि लिन सक्नुहुनेछ ।
- KYC Update नभएको ग्राहकहरुको हकमा मुद्दती रसिद KYC Update पश्चात् मात्र उपलब्ध गराईने जानकारी गराईन्छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मधेस प्रदेश कार्यालय, जनकपुर शाखा,
कदमचोक, जनकपुर-२, धनुषा, नेपाल
फोन नम्बर: ०४१-४२०२०६/७



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दलहरुका लागि एजेण्डा नै चुनौती

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा बनेको सरकारका लागि सहभागी दलहरुको एजेण्डा नै चुनौती बनेको छ । प्रधानमन्त्री प्रचण्ड संघीय लोकतान्त्रिक गणतन्त्रका हिमायती हुन् । उनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी प्रदेशलाई अधिकार सम्पन्न बनाउन इमान्दारीपूर्वक काम गर्नुपर्नेछ ।नेकपा एमालेले प्रदेश र गणतन्त्रलाई महत्व दिने छैन् ।देशमा संघीयताको आश्यकता नरहेको एमाले अध्यक्ष केपी ओलीको धारणा छ ।उनी प्रदेश पनि चाहिने पक्षधर हुन् ।सरकारमा तेस्रो वरियतामा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले संघीयता, प्रदेश र गणतन्त्रलाई स्वीकार गरेको छैन् ।रास्वपाका अध्यक्ष रवि लामिछाने उपप्रधानसहित गृहमन्त्री बनेका छन् ।रास्वपाले प्रदेशमा उम्मेदवार दिएको थिएन् ।रास्वपाका नेता र कार्यकर्ताहरुले प्रदेशका उम्मेदवारहरुलाई मतदान पनि गरेनन् । प्रदेशको चुनावमा उम्मेदवार नदिनु र मतदानसमेत नगर्नु रास्वपाको दृष्टिकोण प्रष्ट भएको छ ।सरकारलाई समर्थन गरेको र मन्त्री नहुने राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) राजालाई फर्काउने, हिन्दू राष्ट्र बनाउने र संघीयता खारेज गर्नुपर्ने पक्षधर हो ।राप्रपाले चुनावमा पनि यही प्रतिवद्धता व्यक्त गरेका थिए ।उसले राजतन्त्रको स्थापना, हिन्दू धर्मको स्थापना, संघीयता खारेजी लगायतका विषयलाई प्रमुख एजेण्डा बनाएका थिए ।लामो समयपछि राप्रपाले चुनावमा भारी सफलता हासिल गरेको छ ।सरकारमा जान लागेका पाँचौ दल जनता समाजवादी पार्टी(जसपा) संघीय लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताका लागि कठिन संघर्ष गरेको दल हो ।जसपाका अध्यक्ष उपेन्द्र यादव चुनावमा पराजित भए पनि उनले उठाएका मधेशका मुद्दा, नागरिकता समस्या, समावेशी समानुपातिक प्रतिनिधित्वको सबालमा सरकारमा रहेका अधिकांश दल समर्थन गर्ने छैन् ।जसपाको एजेण्डाका अधिकांश दलहरु विरोधी हुन् ।सरकारमा सहभागी छैटो वरियताका जनमत पार्टीले पनि मधेशको समस्या, किसानको समस्या, बेरोजगारी समस्या, शिक्षा र स्वास्थ्यको समस्यालाई प्रमुख मुद्दा बनाएको छ ।त्यसमा अन्य दलहरुसित सहकार्य हुन सक्छ ।जनमतको एजेण्डालाई सम्बोधन गर्न सरकारमा मतभेद हुने अवस्था छैन् ।तर जनमत पनि संघीय लोकतानित्रक गणतन्त्रको पक्षधर हो ।त्यसमा सरकारमा रहेका र बाहिरबाट समर्थन गर्ने केही दलहरुबीच सहमति हुनसक्ने सम्भावना छैन् ।चुनावको एजेण्डाको आधारमा प्रचण्डको नेतृत्वमा सरकार बनेको होइन् ।सरकारलाई निरन्तरता दिन दलहरुबीच न्यून्तम् समझदारी बनेको छ ।केही दिन भित्रै त्यसको लिपिबद्ध पनि गरिनेछ ।तर सरकारमा रहेका दलहरुले चुनावी एजेण्डालाई सम्बोधन गर्न नै प्रमुख चुनौती हो ।सरकारमा सहभागी दलहरु एकैतिर फर्केका अथवा एउटै गन्तव्य भएका होइनन् ।दुई वर्ष सम्म सरकार निर्वाध रुपमा चल्ने छ ।सविधान अनुसार २ वर्षको अवधिमा सरकारमाथि अविश्वास प्रस्ताव लगाउन सकिदैन् ।त्यसकारण पनि सरकारले काम गर्नपाउने छ ।तर दलहरुको चुनावी एजेण्डालाई पूरा गर्न सबै भन्दा ठूलो समस्या देखिन्छ ।

# बदलिँदो परिवेशमा मधेशको सबाल



सञ्जय साह मित्र

गत आइतवारको दिन बिहान सूर्योदयदेखि सूर्यास्तको बिचमा देशमा बिल्कुलै नयाँ परिस्थितिको सिर्जना भयो । बिहान मधेशको भूमि पूरै कुहिरोले ढाकेको थियो । अलिकति घाम लाग्ने काम खाना खाने समयदेखि हुँदै आयो । सन्ध्यातिरको मौसममा जति चिसोपना थियो तर घाम भने छँदै थियो । बिहान घाम नभए पनि साँझसम्म घाम देखिएको आइतवारको दिन मौसमले खासै केही नयाँपन दिन सकेन । बरु शनिवार दुई थोपा पानी परेको थियो र सोमवार भने कुनै कुहिरो थिएन । आइतवारको दिनभरको मौसम सामान्य रहे पनि नेपालको राजनीतिमा भने निकै उतारचढाव भइदियो । गत मंसिरमा भएको प्रदेश सभा तथा प्रतिनिधि सभाको चुनावको नतिजा आइसकेको र राष्ट्रपतिबाट आइतवारको दिनसम्मको समय दिएर बहुमतसहितको दाबी गर्न वा सरकार बनाउनको लागि समय दिइएको थियो । देशको राजनीतिमा सामान्य चासो राख्ने जो कोहीलाई पनि आज केही हुन्छ भन्ने अनुमान थियो तर के हुन्छ भन्ने कुरो समयकै गर्भमा रहेको थियो । सामान्य अनुमान के थियो भने नेपाली काँग्रेसको नेतृत्वमा रहेको गठबन्धन जसले देशका अधिकांश प्रदेशमा पनि बहुमतसहित सरकार बनाउने जनमत पाएको थियो, ले नै सरकार बनाउने छ । सरकार बनाउनको लागि आजको दिन बहुमतसहितको दाबी कसैले गर्न नपाए पनि राष्ट्रपतिबाट थप समय माग गर्ने वा समय माग गर्ने समय पनि नपाएमा संसदमा सबैभन्दा ठूलो दलको हैसियतमा सरकार गठनको लागि आह्वान गर्ने अनुमान गरिएको थियो । तर सामान्य अनुमानभन्दा फरक भयो । देशमा नेपाली काँग्रेससित मिलेर गठबन्धन बनाएको नेकपा माओवादी केन्द्रले गठबन्धनलाई छोड्दै एमालेसित मिल्न पुग्यो । देशको चवालिसौं प्रधानमन्त्रीको रुपमा आइतवार नै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । प्रचण्डलाई करिब सबै चर्चित दलहरुले समर्थन गरे ।

पहिले पाँच दलीय गठबन्धन सरकारमा थियो । अहिले सात दलीय गठबन्धन भएको छ । सबै दल सरकारमा जान्छ भन्ने होइन तर एउटा निकै नौलो संयोग देखिएको छ । गत चुनावमा पहिलोचोटि सहभागी भएका तिन दलले पनि प्रधानमन्त्री पदमा पुष्पकमल दाहाल प्रचण्डलाई समर्थन गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले एमालेको नेतृत्वको नयाँ गठबन्धनलाई समर्थन गरेका छन् । पुष्पकमल दाहाल प्रचण्डको विरोध गर्ने नागरिक स्वतन्त्र पार्टीका अध्यक्ष पूर्व पत्रकार रवि लामिछाने प्रचण्ड नेतृत्वकै सरकारमा उपप्रधान तथा गृहमन्त्री बन्नु भएको छ । नागरिक उन्मुक्ति पार्टीले बाहिरबाटै समर्थन जनाउने भएको छ भने जनमत पार्टीका अध्यक्ष डा. सिके राउत आफूले मन्त्री पद लिनुभएको छैन । आफ्ना पार्टीका उपाध्यक्षलाई सरकारमा पठाउनु भएको छ । तिन उपप्रधान मन्त्रीसहित नयाँ सरकारको गठन भएको छ । देशको राजनीतिमा नयाँ कोर्सको सुरुआत भएको छ । केही समयसम्म यस प्रकारको गठबन्धनको कुनै आशा नै गरिएको थिएन तर राजनीतिमा जे पनि जायज हुन्छ भन्ने पहिलेदेखि नै नेपाली समाजमा प्रचलनमा रहेको भनाइ पुनः सही साबित भएको छ । नेपालको राजनीतिमा सधै सम्भावना रहन्छ भन्ने गरिएको छ । सदैव सम्भावना रहन्छ भन्नुको अर्थ पनि करिब यही नै देखिन आउँछ कि कोही कसैका स्थायी अमित्र अथवा अप्रिय रहिरहन सक्दैनन् । नेपालको राजनीतिको यसलाई सुन्दर पक्ष पनि मान्ने गरिएको छ । यसै कारणले नेपालको राजनीतिको आन्तरिक जीवनमा निकै उतारचढाव हुँदा पनि सर्वसाधारणले स्वाभाविक रुपमा लिने गरेका छन् । राजनीति नजान्ने तथा राजनीतिमा सामान्य रुचि लिनेहरुले सबै किसिमको गठबन्धनलाई स्वीकार गर्ने गरेका छन् । यसबाट यो पनि स्पष्ट हुन आउँछ कि सर्वसाधारण नागरिकमा अझै पनि नेताहरुप्रति विश्वास रहेको छ । नेपाली जनताको विश्वास निरन्तर आफ्ना नेताहरुप्रति भइरहनु लोकतन्त्रको लागि सकारात्मक फलदायी मान्नु पर्छ ।

अहिले नयाँ सरकारको गठन भइसकेको छ । अनेक सम्भावनाहरुको अनुमान गरिँदैछ । देशमा कट्टर इमानदारको छवि बनाएकाहरुले महत्वपूर्ण मन्त्रालय सम्हालेका छन् । अब नतिजा हेर्न बाँकी छ तर सबैतिर के आशा पलाएको छ भने वर्तमान परिवेश र परिस्थितिमा पनि देशमा केही राम्रो हुनेछ । यसरी सर्वसाधारणमा सकारात्मक आशा पलाउनुलाई पनि निकै राम्रो मान्नु पर्दछ । नयाँ सरकारको गठन गर्ने नयाँ राजनैतिक समीकरण बन्दा मधेशसहित देशको अन्य प्रदेशमा पनि यसको सोझो प्रभाव परेको छ । मधेश प्रदेशमा नेकपा एमाले सबैभन्दा ठूलो दल छँदैछ । यसै पनि सरकारको नेतृत्व गर्ने पहिलो आधार एमालेसित रहेको छ । यसपछि दोस्रो दल नेपाली काँग्रेस रहेको छ । नेपाली काँग्रेसको नेतृत्वमा रहेको गठबन्धन कायम रहेको भए नेपाली काँग्रेसकै नेतृत्वमा मधेश सरकार गठन हुने सम्भावना रहेको थियो । नेपाली काँग्रेसको नेतृत्वमा सरकार गठन हुने अवस्थामा प्रदेश सभापति कृष्णप्रसाद यादवको मुख्यमन्त्री बन्ने सम्भावना थियो । अहिले केही मिडियाहरुले पनि मुख्यमन्त्रीका आकांक्षी भनेर सार्वजनिक गरिरहेको समाचारले पनि पुष्टि गर्दछ । फेरि पनि राजनीतिमा सम्भावना जहिले पनि हुन्छ र राजनीतिमा सम्भावनाको ढोका कहिल्यै पनि बन्द हुँदैन । राजनीतिमा जहिले पनि जे पनि हुने विश्वास रहन्छ भन्ने भनाइलाई आधार मानी हेर्दा अहिले निर्माण भएको नयाँ समीकरणले सरकार बनाउने कुरामा कुनै शंका छैन तर नेपाली काँग्रेसले पनि आफ्नो नेतृत्वमा सरकार बनाउने प्रयास नगर्ला भन्न सकिन्न । नयाँ समीकरण बनाउने प्रयास नगर्ला भन्न सकिन्न । आफूले सरकारको नेतृत्व नगरे पनि अरुलाई नेतृत्व गर्ने अवसर प्रदान गर्ने रणनीति अपनाउन सक्छ । अथवा केही नचले सोझो रुपमा प्रतिपक्षको भूमिकामा रहन पनि सक्छ ।

अब केन्द्रको सरकार गठन भइसकेपछि प्रदेशको सरकार गठनको पालो आएको छ । यसै क्रममा मधेश प्रदेशमा सरकार गठनको लागि अनेक अनुमानहरु गरिन थालिएको छ । कतिपयले एमालेको मुख्यमन्त्री बन्ने, कतिपयले जसपाको मुख्यमन्त्री बन्ने र कतिपयले जनमतको मुख्यमन्त्री बन्ने अनुमान लगाइरहेका छन् । जसपाको मुख्यमन्त्री बन्ने सम्भावनाको कुरो आउँदा फेरि पनि लालबाबु राउत गद्दी नै मुख्यमन्त्री बन्नु हुनेछ कि भन्ने जिज्ञासा पनि सँगसँगै आइरहेको छ । अन्य केही नामहरु पनि चर्चामा रहेका छन् तर संसदीय दलको नेताको चयन भइनसकेको वर्तमान अवस्थामा यी सब अनुमानहरु मात्र हुने सम्भावना रहन्छ । अबको केही दिनमा नै सबै दलले संसदीय दलको नेताको चयन गरेपछि संसदीय दलको नेताको नाममा नै अनुमान लगाउन सुरु हुन्छ । एउटा कुरो के स्पष्ट छ भने केन्द्रको सरकारले पूर्णता पाउनासाथ देशभर तीव्र गतिमा प्रदेश सरकारको गठनले प्राथमिकता पाउने छ । प्रदेश सरकारको गठनको लागि केन्द्रमा रहेको राजनैतिक समीकरणले कसरत गर्नेछ । जसरी केन्द्र सरकार गठनको लागि एक दिनमै सबै समीकरणमा तालमेल मिल्यो, त्यसरी नै प्रदेश सरकारको गठनको लागि पनि एक दुई दिनमै राजनैतिक समीकरण पूरा हुने तथा सरकारको गठन हुने विश्वास लिइएको छ । एमालेको नेतृत्वमा रहेको नयाँ समीकरणमा रहेका दलहरुलाई हेर्दा मधेश प्रदेशमा पनि स्पष्ट बहुमत गठबन्धनसित रहेको छ । जबकि यसभन्दा पहिले जुन राजनैतिक समीकरण देशमा चुनावको समयमा थियो, त्यस गठबन्धनसित मधेश प्रदेशका बहुमत भने थिएन । जहाँ स्पष्ट बहुमत छ, त्यहाँ राजनैतिक सहमति निर्माण हुनासाथ सरकारको गठन हुन ढिलाइ हुँदैन । सामान्यतया कुनै पनि दलको प्रमुखको प्रत्यक्ष निर्णय, निर्देशन र सल्लाहमा नै प्रदेशका सरकार प्रमुख वा मन्त्रीहरुको नियुक्ति संविधान बमोजिम हुने गर्दछ । यदि केन्द्रमा गठबन्धनमा सहमति हुन्छ भने सरकार गठनमा खासै धेरै समस्या आउने हुँदैन, धेरै समय लाग्ने पनि हुँदैन ।

मधेशको सबालमा भने केही नयाँ आशाहरु गरिन थालिएको छ । मधेश प्रदेशमा पहिलो सरकार गठन हुँदादेखि दुई पटक मन्त्रीपरिषदमा परिवर्तन हुँदासम्म वा सरकारमा सहभागी समीकरणमा परिवर्तन हुँदा पनि खासै कुनै अनुमान नगरिएको जनमत पार्टी अहिले चौथो शक्तिको रुपमा स्थापित भएको छ । एउटा सकारात्मक कुरो के भएको छ भने केन्द्र सरकारमा मन्त्री बन्ने राम्रो अवसर पाएको अवस्थामा र मन्त्री बन्ने वा बनाउने आफ्नै हातमा रहेको अवस्थामा मन्त्रपद लिनु भएन । सहयात्रीलाई मन्त्री बनाउनु भयो । कतिपयले यसलाई सिके राउतमा त्यागको भावना रहेको पनि अर्थ लगाइरहेका छन् । यसै अर्थमा मधेश प्रदेशमा यदि सरकारको नेतृत्व गर्ने वा सरकारमा जाने अवसर राउतको पार्टीले प्राप्त गर्दछ भने राजनैतिक इमानदारीको दर्शन सर्वसाधारणले पनि गर्न पाउने आशा छ । यसै गरी मधेश प्रदेश सभामा सबैभन्दा ठूलो पार्टीको रुपमा रहेको नेकपा एमाले जुन केन्द्रमा बनेको नयाँ समीकरणको ठूलो दल नै हो, ले मुख्यमन्त्री लिएर सरकारको गठन गर्दछ भने यसभन्दा पहिले गर्ने गरिएको अनुमानभन्दा पृथक सरकार बन्न सक्छ । अहिले त केवल अनुमान गर्न सकिन्छ मात्र । यदि एमालेको नेतृत्वमा मधेश सरकारको गठन हुन्छ भने पनि धेरै आशा गर्न सकिने ठाउँ यसकारण छ कि केन्द्रमा पनि एमालेको नेतृत्वमा रहेको समीकरणकै सरकार छ । साथै, नेकपा माओवादी केन्द्रको पनि सरकारमा सहभागिता रहन्छ र निश्चित नै एमाले, माओवादी केन्द्र र जनमत तथा अन्य दल मिलेर सरकारको गठन गर्दा प्रदेशमा नयाँपनको अनुभूति गराउने छ । देशमा सरकार गठनले पूर्णता पाउनासाथ मधेशमा पनि सरकार गठन हुने र अबको मधेश प्रदेश सरकार गतिशील हुने विश्वास लिइएको छ । र, एउटा अर्को आशा पनि के रहेको छ भने रौतहटले कुनै राम्रो मन्त्रालय पाउने तथा बलियो मन्त्री पाउने सम्भावना रहेको छ ।

> **देशमा सरकार गठनले पूर्णता पाउनासाथ मधेशमा पनि सरकार गठन हुने र अबको मधेश प्रदेश सरकार गतिशील हुने विश्वास लिइएको छ । र, एउटा अर्को आशा पनि के रहेको छ भने रौतहटले कुनै राम्रो मन्त्रालय पाउने तथा बलियो मन्त्री पाउने सम्भावना रहेको छ ।**

# शैक्षिक सूचना व्यवस्थापन प्रणाली EMIS को औचित्य



उदय कुमार यादव

**शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) को औचित्य आवश्यकता महत्व र उदेश्य** :

हामी सूचना तथा प्रविधिको युगमा प्रवेश गरि सकेका हुनाले, यसको बीना हाम्रो जीवनको हरेक क्षेत्र समस्याग्रस्त भएको पनि देखिन्छ । यस्तै समस्या तथा चुनौतीहरुको सामना गर्न शिक्षा क्षेत्रमा आवश्यक पर्ने सबै खाले सूचनालाई व्यवस्थित गरी समूचित व्यवस्थापन गर्ने कार्यको शुभारम्भ अचेल गरिएको पाईन्छ । शिक्षा सम्बन्धि सबै किसिमका सूचनालाई व्यवस्थित किसिमले विभिन्न सूचकहरुका माध्यमबाट प्रादर्शित गरी ठीक्कसँग व्यवस्थापन गर्ने तरिका विधि वा प्रणालीलाई नै शैक्षिक व्यवस्थापन सूचना प्रणाली अर्थात Education Management Information System-EMIS भनिन्छ । व्यवस्थापकलाई निर्णनय गर्न आवश्यक पर्ने भरपर्दो वा वास्तविक प्रमुख उदेश्य रहेको छ ।

शिक्षा क्षेत्रमा देखिएका नयाँ नयाँ परिवर्तन नयाँ नयाँ चूनौती समस्या एवं अवरोध आदिलाई सामना गर्न EMIS को महत्वपूर्ण भूमिका रहेको हुन्छ । विभिन्न शैक्षिक योजना निर्माण गर्न, मूल्याङ्कन गर्न, र अनुगमन-अनुसन्धान गर्ने कार्यमा EMIS को ज्यादै नै महत्वपूर्ण भूमिका रहेको देखिन्छ । विश्वमा देश वा प्रदेश जहाँ पनि विद्यार्थीको संख्या बढदोछ । विद्यालय र शिक्षण विधि, विधान र पद्यतीका साथै शैक्षिक सामग्री, मूल्याङ्कन पद्यती, पाठ्यक्रमको विकास तिव्रतर र द्रुत गतिमा नै बृद्धि भई रहेको छ । दिन प्रति दिन विद्यार्थी शिक्षक लगायत भौतिक संसाधनको प्रभावकारी व्यवस्थापन अति नै आवश्यक देखिन्छ । यसका साथै शैक्षिक योजनाहरु तथा शैक्षिक संगठनहरुको व्यवस्थित गर्न EMIS को आवश्यकता दिन प्रतिदिन बढदै गई रहेको छ ।

**एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली EMIS र विद्यालय शिक्षामा यसको सदुपयोग** :

नेपालमा योजनाबद्ध ढंगबाट शिक्षाको विकास गर्ने प्रयाससँगै तथ्याङ्कको महत्व र आवश्यकता महसुश गरिए पनि वास्तवमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को प्रारम्भ पश्चात् मात्र शिक्षा मन्त्रालयले शैक्षिक तथयाङ्क संकलन विश्लेषण र प्रयोग सम्बन्धी कार्य गर्दै आई रहेको देखिन्छ । शिक्षा क्षेत्रमा शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुरुमा शेक्षिक तथ्याङ्क संकलन, विश्लेषण र प्रयोगका रुपमा आएको हो । शिक्षा क्षेत्रमा शैक्षिक तथ्याङ्कको महत्वपूर्ण भूमिका रहि आएको छ । शैक्षिक संख्यात्मक सूचना र जानकारीको वैज्ञानिक र व्यवस्थित प्रस्तुतिकरण नै वास्तवमा शैक्षिक तथ्याङ्क हो । जसको समूचित प्रशोधन र विश्लेषण अनिवार्य हुन्छ । तथ्याङ्कको प्रशोधन गर्दा यसको सम्पादन । संकेतीकरण र तालिकीकरण गरीकन गरिन्छ । यसैगरी तथ्याङ्कको विश्लेषण गर्दा खेरी प्रमुख रुपमा दुई तरिकाबाट नै गरिन्छ । विवरणात्मक तरिका अथवा विश्लेषणात्मक तर्का अर्थात् विवरणात्मक विश्लेषण गर्दा, तथ्याङ्कको सविस्तार विवरण मात्र प्रस्तुत गरिन्छ भने, विश्लेषणात्मक विश्लेषण गर्दा विभिन्न तथ्याङ्कहरुसँग तुल्नात्मक अध्ययन गरी व्यापक रुपमा नै विश्लेषण गरिन्छ ।

अर्थात् विद्यालय शिक्षामा यस प्रणालीको प्रयोगको अभ्यास, विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क संकलन र प्रकाशन गर्न विद्यालय देखि शिक्षा विभागसम्म शैक्षिक तथ्याङ्क सम्प्रेशन गर्ने वैज्ञानिक पद्धति वा तरिका Flash System का रुपमा अवलम्बन गरिएको हो । खासगरी आर्थिक वर्ष २०४१।०४२ को शिक्षा मन्त्रालयले तथ्याङ्क प्रशोधनका लागी कम्प्यूटर प्रयोग गर्न थालेको देखिन्छ । यसले २०६१ देखि जेष्ठ ७ लाई विद्यालय तथ्याङ्क संकलन गर्ने दिन (तथ्याङ्कक दिवस) का रुपमा लिन सुरु गरेको पाईन्छ । वि.सं. २०५६ मा शिक्षा विभाग स्थापना पश्चात् शिक्षा विभागले प्रकाशन गर्ने Flash I जेष्ठ ७ गते विद्यालयले भर्ने र Flash II चैत्र २३ गते भर्ने फाराममा आधारित हुनु पर्ने व्यवस्था गरेको छ । Flash I शैक्षिक शत्रको सुरुमा लिइन्छ भने Flash II शैक्षिक शत्रको अन्त्यमा लिइने गरेको छ । शुरुमा Flash I मा विद्यार्थी शिक्षक र विद्यालय सम्बन्धी विस्तृत विवरण, पाठ्यपुस्तकको उपलब्धता जस्ता पक्ष समावेश गर्ने गरिएको र Flash II मा परिक्षा सिकाइ उपलब्धि र शैक्षिक शत्रमा सञ्चालित मुख्य मुख्य क्रियाकलापहरु समावेश गर्ने गरिएको पाइन्छ । यसैगरी २०७१ (सन् २०१४।०१५) देखि Electronic Based School Level EMIS (IEMIS) को प्रयोग पनि प्रारम्भ भएको रहेछ । यसमा विद्यालयले क्यातधबचभ मा ईन्ट्री गर्ने कार्यको परिक्षण २०७१ मा गरी शैक्षिक शत्र २०७३ देखि अनिवार्य गरिएको पनि थियो । शैक्षिक सत्र २०७४।०७५ (सन् २०१८।०१९) देखि Web Based EMIS (IEMIS) सुरुवात गरियो । अर्थात् वि.सं. २०७५ देखि विद्यालयले शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट व्यवस्थित गरेको Electronic Based School Level EMIS (IEMIS) मा जेष्ठ ७ गते चैत्र २३ मा हरेक विद्यालयले विवरण अपडेट गरी अपलोड गर्नु पर्ने व्यवस्था सर्वोपरी ने गरिएको छ ।

**यस प्रणाली सम्बन्धी समस्या तथा समाधानका उपायहरु**:

एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) कार्यान्वयनका प्रमुख समस्याहरुः यो खास गरी जटिल र बढी प्राविधिक खालको भएकाले मौजुद विद्यालय कर्मचारी शिक्षकको कार्य क्षमताले काम निकै नै कठीन भएको छ ।

स्थानी तहका जनशक्तिता शिक्षा विभाग र शिक्षा कार्यालयको अपेक्षाकृत प्राविधिक क्षमताको अभाव रहेकाले यस सम्बन्धी भरपर्दो सहजीकरण र सहकार्य हुन नसकेको छ । कतिपय विद्यालयमा यस सम्बन्धी कार्य गर्न विद्युतिय प्रबन्धका साथै कम्प्यूटर आदि नभएकाले समस्या देखिन्छ । स्थानीय तहले यसको प्राथमिकता नदिनुका कारण समयमा भएको कार्यान्वयन हुन कठीन रहेको छ ।

शिक्षक दरबन्दी कायम गर्न बढी अनुदान पाउन, बढी छात्रवृति, पाठ्यपुस्तक तथा अन्य प्रकारका योजना तथा कार्यक्रम पाउनका लागि गलत र फर्जी तथ्याङ्क पनि प्रयोग हुने गरेको पाइन्छ । यसको दुरुपयोग गरी गलत तथ्याङ्क ेश गर्नेको आवश्यक कारवाही नगरेकाले गलत गलत तथ्याङ्क कै परिपाटी बसेको समस्या जक्रीएर बसेको तथ्याङ्कको शुद्धताका लागि छडके रुपमा परिक्षण अनुगमन परिपाटी नबसेकाले मान दलदलमा यो फँसेको देखिन्छ ।

उपलब्ध तथ्याङ्कका आधारमा योजना तथा कार्यक्रम तयार गर्ने परिपाटीलाई विश्वासनीय र भरपर्दो तुल्याउन नसकेको समस्या, दुर्गम, विकट तथा पिछडिएको र विशेष परिवेश भएका ठाउँमा संख्यात्मक तथ्याङ्कका आधारमा मात्र योजना कार्यक्रम तथा अन्य सुविधा दिने निति नलिई विशेष आधार तयार लिने व्यवस्था नभएकोले त्यस्ता ठाउँका सरोकारवाला असाहय पीर मार्कामा पर्ने गरेको छन् । प्राथमिक तथ्याङ्क संकलन कर्तालाई तथ्याङ्कको संवेदन शीलताका बारेमा प्रशिक्षित गरी संवेदनशील र जिम्मेवार बनाउन नसकिएको समस्या, लगायत स्थानयि सरोकारवाला र स्थानीय तहलाई यसको संवेदीनशील पक्षको बारेमा बोध गराउन नसकिएको यावत समस्याहरुबाट गस्त देखिन्छन् ।

**एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) समबन्धी उपरोक्त समस्या समाधानका उपायहरु** :

सर्वप्रथम स्थानीय तहले आवश्यक साधन श्रोत सहित सहजीकरण र सहयोग गर्दै जिम्मेवार बन्ने उपाय अवलम्बन गर्नुको साथ साथै यसले IEMIS सम्बन्धमा प्रमुख प्राथमिकता दिएर महत्वका साथ काम गर्ने व्यवस्था मिलाउनु पर्ने छ । शिक्षा विकास शाखा तथा समन्वय इकाइले आवश्यक सहजीकरणलको व्यवस्था मिलाउने, यस सम्बन्धी कार्य गर्न कतिपय विद्यालयमा विद्यूतीय प्रबन्धका साथै नेट इन्टरनेट र कम्प्यूटरको प्रबन्ध गरी सम्बन्धित शिक्षक कर्मचारीलाई आवश्यक तालिम प्रदान गरी क्षमताको बृति विकास गर्ने ।

स्थानीय सरोकारवाला र स्थानिय तहलाई यसको संवेदनशील पक्षको बारेमा बोध गराउँदै तथ्याङ्कक संकलनका बारेमा अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने । गलत तथ्याङ्कबाट पर्ने प्रभाव र दुष्परिणाम बारेमा सरोकारवालालाई अभिमूखिकरण गर्ने तथ्याङ्क संकलन र प्रमाणीकरण कार्यलाई प्रभावकारी बनाउन स्थलगत अनुगमनका साथै तथ्याङ्कक शुद्धताका लागि छडके रुपमा पनि परिक्षण गर्ने व्यवस्था मिलाउने । विद्यालय तहमा तयार हुने तथ्याङ्कलाई प्रमाणित गर्ने व्यवस्था कडाइका साथ लागु गर्ने, साथै प्रमाणित गर्नेले तथ्याङ्कक रुजु गरेर मात्र प्रमाणित गर्नु पर्ने । गलत तथ्याङ्कक तयार गर्ने लगायत प्रमाणित गर्ने लाडे पनि जिमेवार बनाउँदै गलत तथ्याङ्कक तर प्रमाणित गरेमा कारवाहीको भागिदार बनाउने ।

अर्थात् समग्रमा भन्दा शैक्षिक सुचना व्यवस्थापन प्रणालीले मूलतः संगठित सूचनाहरुको व्यवस्थापन तथा अभिलेखिकरणलाई जोड दिन्छ । यसमा तथ्याङ्कको संकलन भण्डारण, प्रशोधन, विश्लेषण र प्रबोधिकरण आदि कार्य पर्दछन् । तथ्याङ्कक सम्बन्धी यस प्रक्रियाबाट शैक्षिक व्यवस्थापन र योजना निर्माणका लागि महत्वपूर्ण सूचना प्राप्त हुन्छ । यो एउटा ठूलो क्षेत्र भएका तथ्याङ्ककहरुको व्यवस्थापन गर्ने पद्धति हो जसबाट चाहिएको बेला आवश्यक सूचनाहरु पत्ता लगाउन प्रशोधन तथा विश्लेषण पनि गर्न सकिन्छ । जसलाई अर्को शब्दमा निर्णय सरलीकृत सूचना व्यवस्थापन प्रणाली पनि भन्ने गरिन्छ ।

***लेखक शिक्षा बिद हुनुहुन्छ । किनकी नेपाल प्रज्ञा प्रतिष्ठानबाट लेखक एवं साहित्यकारको परिचय पत्र गर्नु भएको छ ।***

# सपनाको नगर



निशा मैनाली

मेरो सपनाको नगर भन्दा केही पर पुग्दै गर्दा बुढा बा भन्नु हुन्छ बाध्यता र बास्तविक्ता बीचको खाडल समुन्द्री सतह भन्दा पनि गहिरो हुदो रहेछ ।

सायद यसको गहिराई मापन गर्ने कुनै पनि यन्त्र उपकरणको आविश्कार आज सम्म हुन सकेको छैन । सम्बन्धित मान्छेको मन वाहेक यसको गहिराई मापन कसैले पनि गर्न सक्दैन । उहाँको यस्तो वाक्याँशले म छिनभरका लागी स्तब्ध हुन्छु, तर धेरै वेर रहन सक्दीन ।

म उहाँ भएकै नजिक पुगेर उहाँलाई नियाल्दै गर्दा मैले बुझ्छु कि भनेर होला झुकाएका ती नजर अझै झुकाउँदै ती आखाँहरु पनि भिज्न जान्दा रहेछन भनी प्रमाणित गर्दै थिए । यति भिज्दा पनि बा का आखाँ अतिसुन्दर थिए ।

सन्तानका लागी सपना देख्ने बा का आखाँ त सदावहार सुन्दर हुदाँ हुन । वर्षात पछिको मौसम सुन्दर भए जस्तै आशुँको वर्षात पछि आज ती बा का आखाँ पनि औधी सुन्दर देखिन्छन ।

अभाव, अप्ठ्यारो, विचलन, पिडा, छटपटी, तनमनका सबै ठाउँलाई लुकाउदै सुगन्धित पसिनाले छोरीको भविष्य सुनिश्चित बनाई दिएका एक बा अझै चिन्ताबाट उन्मुक्त हुन सक्नुभएको छैन ।

छोरीको सुन्दर संसार बसेको हेर्ने जीवनको सबै भन्दा ठुलो सपना पुरा हुन बाँकी नै थियो । हजारौ सपना अनि रहरको हत्या गरी निर्मित बा को त्यो सुन्दर मन्दिर जस्तै घरमा आफ्नो छोराको लागी हात माग्न आउँदै गर्दा त्यो घर अत्यन्तै हर्षित छ । बा को थाकेको शरिर, उदासिएका आखाँ, भक्कानिएको मन अनि ओठको फिक्का हासोले स्वागत गरी वस्न अनुरोध गर्दै गर्दा बा को मस्तिष्कमा हुने विष्फोटलाई सजिलै अनुमान लगाउन त सकिन्छ तर वेदनालाई बुझ्न भने सकिदैन ।

तर बा हुन आकाश जस्तो विशाल छाती बनाई छोरीको संसार बसाउन आफनो चुहिएको छानो, वेलुकीको छाक टार्ने जोहो, छोरीलाई पढाउन खर्चिएको आमाको नाकको फुली, कानको बाली, तिर्नु पर्ने साहुको ऋण यो सबै विर्सिएर बा आफ्नो धरोहर, धरातल विर्सेर आफ्नो अन्तिम उपहार अर्कालाई दिने तयारीमा लाग्न बाध्य छन् ।

तर अर्काको छोरी लिन आएकाहरुले दाईजोको कुरा उठाइदिदा बा मात्र होइन पुरै परिवार थप चिन्तामा पर्ने गरेका छन् । त्यस्तालाई मेरो प्रश्न ? कसैको अमुल्य जिवनको मोल हजुरहरुले कसरी तय गर्न सक्नुहुन्छ ?

मागेको कुरा जतिसुकै बहुमुल्य भएपनि यसले पुर्णता दिदैन । यसले दिने भनेको अतृप्तीको आर्शिवादको हो जसले तपाईलाई पुर्ण विकशित हुन दिदैन । यसले दिने भनेको अनिन्द्रा, असफलता अनि अशान्ति नै हो । जसले कसैको भावनालाई बुझ्न हिसाब गर्न नपरोस, हजुरहरुले यति गरिदिने भए बा ले खेत बेच्नु पर्दैन । मेरा हजारौ सम्बन्धहरुले कानुन र अदालतको ढोका ढकढकाउनु पर्दैन । पानी क्षणभरका लागी धमिलो भए पनि पानी धमिलै भईराख्नु पानीको धर्म होइन ।

अब हामी पनि मानवीय धर्ममा फर्किनु पर्छ नफर्के हामीले आफै र समय प्रति गरेको अन्याय हुने छ । केही क्षणका लागी यो अस्तव्यस्त समयको चक्रलाइ चिर्दै एक क्षिण मलाई मेरो प्रीय सपनाको नगरमा हराउन मन लाग्छ । मेरो सपनाको नगर जहाँ मेरा प्रीय नगरवासीहरु शिक्षित नैतिकवान बन्नुहुनेछ ।

तपाई हाम्रा साहारा र हाम्रा सन्तानका लागी पाठशाला बन्नुहुनेछ । यहाँ जन्मिएकाहरु कुशल शासक, प्रशासक, शिक्षक र नैतिकवान नागरिक हुनेछ । न्यायलय र कार्यालयमा हुने दस्तुरका कारण रोकिएका सबै उजुरीहरु छिठो छरितो कार्यान्वयनमा आउनेछन ।

सबैको साझा नगर यहाँ हामी सबैको शैक्षिक योग्यताको कदर हुनेछ । मेरो नगरमा एक पल्ट तपाई पनि आउनुस, अब यहाँ तपाईहरुलाई सार्वजनिकस्थलमा खोलिएका पार्क र एतिहासिक सम्पदाहरुले पर्खिरहेका छन् । यहाँका बृक्षारोपणले तपाईहरुलाई सितलता प्रदान गर्न पर्खिरहेका छन् । प्रयाप्त कृषिजन्य मल खाद्य, विऊ, विजन र औजार सबै किसानले नियमित पाउनेछन ।

तर यति सपना म एक्लैले देख्न सक्दीन आउनुस अलिकती तपाईहरु पनि साथ दिनुस । म त आफनो सपना प्रति कटिबद्ध र निर्धक्क छू । अहिले म सुन्दर, स्वस्थ र सम्वेदनशिल नगरको सपना देख्दैछु । तपाईहरु पनि देख्नुहोस । मेरो पनि हौसला बढ्दै जान्छ ।

यतिकैमा मध्यरातलाई पनि ध्यानमा नदिई सडकमा बज्ने ठुलठुला डिजे साउण्ड र सवारी साधनहरुको कडा ध्वनीले मेरो सपनालाई पुर्णता दिन नपाउँदै बीच मै तहसनहस र छरपस्ट पारी दिन्छन । टुक्रिएकामा मेरा सपना बोकेर मेरो वास्तबिकनगरमा फर्किदा मलाई चिच्याएर सोध्न मन लाग्छ - म एक नगरवासीको हैसियतले मेरो सुन्दर नगरको सपना खोस्नलाई शोभा दिन्छ ? अब मलाई आफुले देखेको सपना प्रति नै पश्चाताप लाग्छ । तर सपना निरन्तर देखिराख्छु यो मेरो अधिकारलाई हनन नगरिदेऊ ।

त्यसैले प्रीय नगर अब तिमिसंग बोझिलो गुनासा हैन मेरो सपनाको नगर तिमी प्रति आशावादी पनि उत्तिकै छु । मेरा सपना साकार पारिदेऊ ।



**प्रम दाहाललाई बधाई तथा शुभकामना** : नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई उहाँको निवास खुमलटारमा मङ्गलबार बधाई तथा शुभकामना दिँदै नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालगायत परिसंघका प्रतिनिधिमण्डल । *तस्बिरः रासस*

# राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको मिति तोक्ने तयारी

काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको तयारी सुरू गरेको छ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिना अघि निर्वाचन हुनेगरी निर्वाचनको मिति तोक्नुपर्ने भएकाले आन्तरिक छलफल सुरु भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । निर्वाचनको मिति तोकी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था छ।

वर्तमान राष्ट्रपतिको कार्यकाल आगामी फागुन २९ मा सकिने भएकाले आयोगले माघ २८ गतेभित्र निर्वाचन गराउने तयारी गरेको हो । नेपालको संविधानको धारा ६३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल





निर्वाचित भएको मितिले पाँच वर्ष तोकिएको छ।

संविधानको धारा ७० बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायबाट प्रतिनिधित्व हुनुपर्ने भएकाले दुवै पदको एकै पटक नभइ फरक-फरक मितिमा निर्वाचन हुनेछ।

यस निर्वाचनमा सङ्घीय संसद् (३३४) र प्रदेशसभाका सदस्य (५५०) मतदाता हुनेछन्। मुलुकको विद्यमान जनसङ्ख्या अनुसार यी पदको निर्वाचनका लागि सङ्घीय संसद्काप्रति सदस्यको मतभार ७९ र प्रदेशसभाका प्रतिसदस्यको मतभार ४८ हुनेछ।

आयोगले गत मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन गत मङ्सिर २९ गते प्रतिवेदन बुझाएको थियो । राष्ट्रपतिको आह्वान बमोजिम दुईभन्दा बढी दलको समर्थनमा यही पुस १० गते नयाँ सरकार गठन भइसकेको छ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा सम्पादन गर्नुपर्ने कामका लागि आयोगले न्याय परिषद् को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ।

निर्वाचनमा उम्मेदवार हुन सङ्घीय संसद्को सदस्यका लागि हुनुपर्ने योग्यताका साथै कम्तीमा ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने तथा कुनै कानुनले अयोग्य नभएको व्यक्ति हुनुपर्नेछ । निर्वाचनमा मनोनयनका लागि मतदाता नामावलीमा नाम समावेश भएका पाँच जना प्रस्तावक र पाँच जना समर्थक आवश्यक पर्ने कानुनी व्यवस्था छ।रासस

# अधिवक्ता डा.पोखरेल महान्यायाधिवक्तामा सिफारिस

काठमाण्डु । अधिवक्ता डा दिनमणि पोखरेल महान्यायाधिवक्ता नियुक्तिका लागि सिफारिस हुनुभएको छ।

नेपाल सरकारको कानूनी सल्लाहकारका रूपमा नियुक्ति गर्नका लागि प्रधानमन्त्री कार्यालयले मंगलबार राष्ट्रपति समक्ष सिफारिस गरेको हो । नेपालको संविधानमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले महान्यायाधिवक्ता नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

अधिवक्ता डा पोखरेलले भारतको दिल्ली विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तर र नेदरल्याण्डबाट राजनीतिशास्त्रमा स्नातकोत्तर



गर्नुभएको छ । संवैधानिक र फौजदारी कानुनका जानकार अधिवक्ता पोखरेलले प्रतिलिपि अधिकारका विषयमा विद्यावारिधि गर्नुभएको छ।

यसअघि, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा सरकारको कानुनी सल्लाहकार खम्बहादुर खाती हुनुहुन्थ्यो । उहाँले सोमबार पदबाट राजीनामा दिनुभएको थियो ।रासस

# कार्यविधिविपरीत राखेका व्यक्तिगत सुरक्षाकर्मी, सहयोगी फिर्ता गर्न निर्देशन

काठमाण्डु । नेपाल सरकारले विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा व्यवस्था गरिएकोभन्दा विपरीत सेवा सुविधालगायत व्यक्तिगत सुरक्षाकर्मी, सहयोगी राखेको भए ४८ घण्टाभित्र फिर्ता गर्न निर्देशन दिएको छ।

गृहमन्त्रालयले मंगलबार विज्ञप्ति जारी गरी सो कार्यविधि पालना गर्न सहयोग गरिदिन आग्रह गरेको हो। सरकारले विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापनलाई अझ प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन विशिष्ट व्यक्तिको सुरक्षा र सम्मानलाई ध्यान दिँदै उक्त कार्यविधि कार्यान्वयनमा रहेको छ।

कार्यविधिमा तोकिएअनुसारका बहालवाला तथा पूर्वकर्मचारी/सुरक्षाकर्मीले व्यक्तिगत सुरक्षाकर्मीको सुविधा पाउने व्यवस्था रहेको छ ।रासस

# अर्थतन्त्र नियन्त्रण बाहिर छैन, उच्च मनोबलका साथ काम गर्नुस् : अर्थमन्त्री

काठमाण्डु । उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र नियन्त्रणभन्दा बाहिर गएको अवस्था नभएकाले सही मार्गमा ल्याउन विभिन्न प्रयास र प्रयत्न थाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घको प्रतिनिधिमण्डलसँग भएको भेटमा उहाँले मुलुकको अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रूपमा रहेको निजी क्षेत्रले भोगेको समस्याप्रति सरकार संवदेनशील रहेको बताउनुभयो।

निजी क्षेत्रका मागप्रति सरकार कति गम्भीर छ भन्ने कुरालाई निजी क्षेत्रको छाता सङ्गठनसँगको भेटलाई दिएको प्राथमिकताले पनि स्पष्ट पार्ने उहाँले बताउनुभयो।

"वर्तमान सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले अर्थतन्त्रलाई सुधार गर्न विभिन्न उपाय अपनाउने निर्णय गरेको छ", उहाँले भन्नुभयो, "यो समस्या सम्बोधन गर्न सबैको साझा प्रयास हुनुपर्छ।"

उहाँले निजी क्षेत्रलाई उच्च मनोबल बनाएर काम गर्न आग्रह गर्दै सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । "निजी क्षेत्रको मनोबल ढल्यो भने अर्थतन्त्र पनि ढल्छ, तपाईंहरूको मनोबललाई उच्च बनाएर काम गर्नुहोस्", मन्त्री पौडेलले भन्नुभयो, "म तपाईंहरूको प्रतिनिधिका रूपमा समस्या समाधानका लागि काम गर्ने छु।"

भेटमा महासङ्घका अध्यक्ष शेखर गोल्छाले मुलुकको अर्थतन्त्र अति संवेदनशील अवस्थामा रहेकाले नवगठित सरकारको सिङ्गो ध्यान अर्थतन्त्रको



पुनरुत्थानमा जानुपर्ने बताउनुभयो।

अर्थतन्त्रलाई चलायमान गर्न तत्काल विशेष कदम चाल्न सुझाव दिँदै उहाँले ब्याजदरलाई घटाएर स्थायित्व दिनुपर्ने, तरलताको समस्या समाधान गर्नुपर्ने, लगानी घट्दै गएको अवस्थामा सुधार ल्याउन आग्रह गर्नुभयो । अर्थतन्त्रलाई सही मार्गमा ल्याउन राज्यका विभिन्न निकायको ध्यानाकर्षण गराएको भए पनि सुनुवाइ नभएको उहाँको भनाइ छ।

मुलुकको अर्थतन्त्र अहिलेसम्मकै अप्ठ्यारो अवस्थामा पुगेको जिकिर गर्दै उहाँले तत्काल अर्थतन्त्र सुधारको दिशामा ध्यान केन्द्रित गर्न आग्रह गर्नुभयो। "तपाईं आएपछि दुई दिनमै पूँजी बजारले सकारात्मक सङ्केत गरेको छ। समग्रमा अर्थतन्त्र अप्ठ्यारोमा छ, निजी क्षेत्र समस्यमा छ, चालू खर्च राजस्वले मात्रै धान्न सक्ने अवस्थामा छैन", अध्यक्ष गोल्छाले भन्नुभयो।

अर्थतन्त्रमा बहुआयामिक असर परेको, मौद्रिक नीतिको समीक्षामार्फत् पनि समस्या सम्बोधन हुन नसकेको र विशेषगरी समग्र बैंकिङ समस्याका कारण उद्योगी व्यवसायी अत्यन्त कठिन अवस्थामा पुगेकाले बाध्य भएर सडकमा आउने परिस्थिति बनेकाले त्यसको अन्त्य गर्न आग्रह गर्नुभयो।

भेटमा निजी क्षेत्रका प्रतिनिधिले सिमेन्ट, छड र फलामको बिक्री ह्वात्तै घटेको, दैनिक उपभोग्य वस्तुको खपत पनि घटेको, विद्युतीय उपकरणको बिक्रीमा सङ्कुचनका साथै पूँजीबजारमा समग्रमा ३८ प्रतिशतले गिरावट आएको बताएका थिए ।रासस

# अर्थतन्त्र पुनरूत्थान सरकारको पहिलो प्राथमिकता : प्रधानमन्त्री दाहाल

काठमाण्डु । नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्रको पुनरूत्थान सरकारको पहिलो प्राथमिकता भएको बताउनुभएको छ। उहाँले मन्त्रिपरिषद्को पहिलो बैठकबाट यस सम्बन्धमा विशेष निर्णय भइसकेको बताउनुभएको छ।

मंगलबार भएको नेपाल उद्योग वाणिज्य महासङ्घको पदाधिकारी प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्रको संवेदनशील अवस्थाका सम्बन्धमा निजी क्षेत्रको चासो र चिन्तालाई आफूले सम्मान गर्ने पनि उहाँले वताउनुभयो।

"महासङ्घ अर्थतन्त्र जोगाऔं भन्ने अभियानमा लागेको छ, यति विहानै भेटघाटका लागि आउनु भयो, त्यही विषयमा तपाईंहरू चिन्तित हुनुहुन्छ र समस्या समाधानका लागि भनिरहनु भएको छ, सरकारले यसलाई गम्भीर रूपमा लिन्छ", प्रधानमन्त्रीको भनाइ उधृत गर्दै महासङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्रीको निजी निवास खुमलटारमा भएको



भेटमा मुलुकको अर्थतन्त्रको पुनरुत्थानबारे विचार विमर्श भएको महासङ्घको भनाइ छ । महासङघ अध्यक्ष शेखर गोल्छाले नवनियुक्त प्रधानमन्त्रीलाई सिङ्गो निजी क्षेत्रकातर्फबाट बधाई एवं शुभकामना दिनुहुँदै अर्थतन्त्रको वर्तमान अवस्थाबारे अवगत गराउनुभएको थियो।

प्रधानमन्त्री प्रचण्डले महासङ्घकातर्फबाट यसअघि दिइएको सुझाव अध्ययन पनि गरिरहेको र यस विषयमा अर्थमन्त्रालय, राष्ट्र बैंक र निजी क्षेत्रलाई पनि राखेर छिट्टै समस्या समाधानमा पहल गर्ने विश्वास व्यक्तगर्नुभयो।

महासङ्घका अध्यक्ष गोल्छाले प्रधानमन्त्री आफै पनि मुलुकको आर्थिक अवस्था, उद्योग व्यवसायको अवस्थाका बारेमा जानकार रहनुभएकाले यसअघि पनि अर्थतन्त्रको संवेदनशीलताका विषयमा जानकारी गराएको स्मरण गराउनुभयो।

उहाँले उद्योग व्यवसाय सञ्चालनमा सबैभन्दा बढी समस्याको रूपमा देखापरेको चालूपूँजी कर्जा मार्ग निर्देशन कम्तीमा दुई वर्ष स्थगन गर्न र हाल देखिएको तरलता संकुचनको समस्या समाधान गर्न केन्द्रीय बैंकले सबै मौद्रिक उपकरणको प्रयोग गर्नुपर्ने सुझाव राख्नुभयो । मुलुकको अर्थतन्त्र अति संवेदनशील अवस्थामा रहेकाले नयाँ सरकारको सिङ्गो ध्यान अर्थतन्त्रको पुनरुत्थानमा जानुपर्नेमा अध्यक्ष गोल्छाको जोड थियो ।रासस

# पुस २२ मा कांग्रेस केन्द्रीय समिति बैठक

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक यही पुस २२ गते बस्ने भएको छ। पार्टीको केन्द्रीय कार्यालय सानेपामा दिउँसो १ बजे बस्ने बैठकमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ को समिक्षा र समसामयिक राजनीतिका सन्दर्भमा छलफल हुने पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूको उपस्थितिका लागि अनुरोध गरिएको छ।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा प्रतिनिधि सभामा सबैभन्दा बढी ८९ सिटमा विजयी भएर कांग्रेस सङ्घीय संसदको ठूलो दल बनेको छ ।रासस


## परवानीपुर नगरपालिका
### गाउ कार्यपालिकाको कार्यालय
### लिपनीमाल, बारा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०७९/०९/१३

यस कार्यालयबाट मिति २०७९/०८/०२ गते The kathmandu post मा प्रकाशित बोलपत्र आव्हानको सूचनानुसार मिति २०७९/०९/०४ गते दिनको १:०० बजेसम्म e–GP system:- bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रदाताहरूमध्ये आर्थिक प्रस्ताब परिक्षणबाट तपसिलमा उल्लेखित भएका बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभाबग्राही भई स्विकृतको लागि छनोट भएको हुदा सार्वजनिक खरिद ऐनको दफा २७ को उप दफा २२ ३ र सोहि ऐन को दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. न. | कार्यको बिबरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.कर.र PS समेत) रु. |
|---|---|---|---|
| १. | NCB/PRM1/02/079/080 (CONSTRUCTION OF DRAIN AT PARWANIPUR RURAL MUNICIPALITY, BARA ) | M/S Visma Nirman sewa, Bara, Madhesh Province Nepal | NRS- 1,17,47,064.97 |

प्रमुख प्रशासकीय अधिकृत

# सन् २०२२ मात्र एक करोड विस्थापित, शरणार्थी सङ्कट समाधानमा राष्ट्रसङ्घको प्रयास

**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । द्वन्द्व, विपत्ति र जलवायु सङ्कटजस्ता त्रासदीका कारण विश्वका दशौँ लाखको सङ्ख्यामा मानिस आफ्नो देशभित्र वा बाह्यरूपमा विस्थापित भएका छन् संयुक्त राष्ट्रसङ्घीय निकायद्वारा हालै सार्वजनिक गरेको एक तथ्याङ्कमा जनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय (युएनएचसीआर)ले आफ्नो वेबसाइटमा भनेको छ, "यो आगामी जाडो विश्वभरका लाखौं 'आप्रबासी शरणार्थी'का लागि निकै चुनौतीपूर्ण हुनेछ । हाम्रो विश्वले आन्तरिक विस्थापनको सङ्कटको सामना गरिरहेको छ । द्वन्द्व, विपत्ति र जलवायु सङ्कटजस्ता त्रासदीका कारण विश्वका उच्च सङ्ख्यामा मानिस आफ्नो देशभित्र विस्थापित भएका छन् ।"




संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गत जुनमा संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय विस्थापनसम्बन्धी कार्ययोजना सार्वजनिक गर्दै सहयोगको खाँचो रहेका मानिसलाई सहयोग पुऱ्याउनु सबैको जिम्मेवारी भएको बताउनुभएको थियो । उहाँले भन्नुभयो, "आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको दुर्दशा मानवीय मुद्दाभन्दा बढी छ । यसले विकास, शान्ति स्थापना, मानव अधिकार, जलवायु कार्य र विपद् जोखिम न्यूनीकरणका प्रयासहरूको संयोजनमा एकीकृत दृष्टिकोण ल्याउँछ ।"

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय (युएनएचसीआर)ले सन् २०२२ मा विश्वका एक करोड मानिस आफ्नो घर छोड्न बाध्य भएको मङ्गलबार जानकारी गराएको छ । संयुक्त राष्ट्रसङ्घले विभिन्न तरिकाले खाँचोमा परेकालाई सहयोग गरिरहेको पनि उक्त निकायले जनाएको छ ।

युएनएचसीआरका प्रमुख फिलिप्पो ग्रान्डीले यो आँकडालाई कहिल्यै स्थापित हुननहुने सङ्ख्या भन्नुभएको छ ।

यो सङ्ख्या सन् २०२१ मा नौ करोड रहेकोमा यस बर्ष १० करोड पुगेको छ । युक्रेन, इथियोपिया, बुर्किना फासो, सिरिया र म्यान्मारलगायत विश्वका धेरै भागहरूमा हिंसा, गरिबी र लामो द्वन्द्व आप्रवासन प्रमुख कारकहरू थिए ।

संयुक्त राष्ट्रसंघीय निकायले भनेको छ, "हजारौं हताश आप्रवासीहरूले युरोपलाई आफ्नो रोजाइको गन्तव्यको रूपमा हेरेका छन्, मानव तस्करहरूको हातमा आफ्नो जीवन थमाएका छन् र भूमध्यसागर पार गर्नेगरी खतरनाक यात्रामा निस्केका छन् ।"

यमनमा लामो द्वन्द्व सुरु भएको सात वर्ष भन्दा बढी भइसकेको छ, जसले मानवीय विपत्ति निम्त्याएको छ र ४३ लाखभन्दा बढी मानिसहरूलाई आफ्नो घर छोड्न बाध्य बनाएको छ । गत मे महिनामा संयुक्त राष्ट्रसङ्घको आप्रवासन एजेन्सी आईओएम र युरोपेली सङ्घको मानवीय सहायता शाखा इकोले द्वन्द्वका कारण विस्थापित भएका तीन लाख २५ हजारभन्दा बढी आप्रवासी र उनीहरूलाई आश्रय दिने समुदायको आवश्यकता पूरा गर्ने प्रयासलाई तीव्रता दिने घोषणा गरेको थियो । यमनस्थित आईओएम अभियानकी प्रमुख क्रिस्टा रोटेनस्टाइनरले भन्नुभयो, "यमनमा आप्रवासीहरू र विशेष गरी महिलाहरूको लागि स्थिति अझ खराब हुँदै गइरहेको छ । उनीहरूले यमनमा आफ्नो जीवनमाथि थोरै नियन्त्रणको साथ गम्भीर अवस्थामा बाँचिरहेका छन् ।"

सिरियामा युद्धले ११ वर्षदेखि जनजीवन अस्तव्यस्त बनाइरहेको छ । सिरियामा जन्मिएका करिब ५० लाख बालबालिकाले कहिल्यै पनि देशलाई शान्तिपूर्वक चिनेका छैनन् । झण्डै ८० हजार भन्दा बढी सिरियालीहरूले जोर्डनको विशाल जातारी शिविरलाई 'घर' भन्छन् र तिनीहरूमध्ये धेरैले तत्कालका लागि आफ्नो देश बाहिर बस्नुपर्ने हुन सक्छ । जोर्डनको राजधानी अम्मानमा युएनएचसीआरका प्रतिनिधि डोमिनिक बार्ट्सले हालै बताए अनुसार तत्कालका लागि उनीहरूको स्वदेश फिर्तीको सम्भावना आशाजनक देखिँदैन । उहाँले भन्नुभयो, "हामीले सिरियामा स्वदेश फिर्तीका लागि अनुकूल वातावरण देखिरहेका छैनौं ।" समग्रमा, जोर्डनले सिरियाबाट लगभग छ लाख ७५ हजार दर्ता भएका शरणार्थीहरूलाई आश्रय दिन्छ, र तिनीहरूमध्ये अधिकांश स्थानीय समुदायहरूको बीचमा जोर्डनको शहर र गाउँहरूमा बस्छन् । केवल १७ प्रतिशत मात्र दुई मुख्य शरणार्थी शिविरहरू, जातारी र अजराकमा बस्छन् ।

पाँच वर्षअघि म्यानमारमा हजारौं रोहिङ्ग्याहरू आफ्नो घर छोडेर भागेका थिए । छिमेकी देश बङ्गलादेशको सीमापारी रहेको विशाल कक्स बजार शिविरमा करिब १० लाख शरणार्थी बस्छन् । यसै बर्षको मार्चमा, संयुक्त राष्ट्रसङ्घले शरणार्थीलाई घर फर्काउने आफ्नो नवीनतम योजना सुरु गरेको थियो । शरणार्थी र छिमेकी समुदायहरू (पाँच लाखभन्दा बढी बङ्गलादेशीहरू) को लागि ८८ करोड १० लाख अमेरिकी डलर भन्दा बढीको लागि आह्वान गरेको थियो । यो सहायतामा अत्यधिक निर्भर छन् ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायको तथ्याङ्कअनुसार डिसेम्बरसम्ममा युरोपभरि ७८ लाखभन्दा बढी युक्रेनी शरणार्थी रहेका छन् ।

सन् २०२० को नोभेम्बरमा सुरु भएको इथियोपियाको टिग्रे क्षेत्रमा सशस्त्र द्वन्द्वका कारण लाखौं मानिस विस्थापित भएका छन् । यस वर्षको अन्त्यसम्ममा, अन्तर्राष्ट्रिय मध्यस्थतामा एक नाजुक युद्धविराम कायम भएको जस्तो देखिन्थ्यो र महिनौंसम्म दुर्गम उत्तरी क्षेत्रहरूमा सहायता फिर्ता भइरहेको थियो । साथै धेरै जना आफ्नो बिग्रिएको जीवनको पुनर्निर्माण गर्न घर फर्केका थिए ।

**शिविरमा पनि सुरक्षित छैनन् शरणार्थी**

गत जनवरीमा संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायले यस क्षेत्रका शरणार्थीहरूले पर्याप्त खाद्यान्न, औषधि र स्वच्छ पानी पाउन सङ्घर्ष गरिरहेको र स्थितिमा सुधार नआए मृत्युको जोखिम रहेको चेतावनी दिएको थियो । राष्ट्रसङ्घद्वारा सम्प्रेषितसमाचार अनुसार शरणार्थीहरू पनि प्रत्यक्ष आक्रमणमा परेका छन् । उदाहरणका लागि, फेब्रुअरीमा सशस्त्र मानिसहरूले आक्रमण गरेपछि हजारौं इरिट्रियालीहरू अफार क्षेत्रको एउटा शिविरबाट भाग्न बाध्य भएका थिए । उनीहरूले शरणार्थी शिविरबाट सामानहरू चोरेका र त्यहाँका बासिन्दाहरूको हत्या गरेका समेत बताइएको छ । अगष्टसम्ममा संयुक्त राष्ट्रसङ्घीय निकायहरूले इथियोपियामा शरण लिन चाहने सात लाख ५० हजारभन्दा बढी मानिसहरूलाई सहयोग गर्न तत्काल आर्थिक सहयोगका लागि अपिल गरेका थिए । विश्व खाद्य कार्यक्रमले उक्त रकम प्राप्त नगरेसम्म धेरै शरणार्थीले खानका लागि केही नपाउने चेतावनी दिएको छ ।

यूएनएचसीआरका अनुसार युद्ध, हिंसा र मानव अधिकार उल्लङ्घनका कारण विस्थापित भएकाहरूलाई बाँच्ने आधार प्रदान गर्न विश्वभरका सरकारहरूले अत्यधिक रकम (करिब १.१३ अर्ब अमेरिकी डलर) उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । ग्रान्डीले भन्नुभयो, "द्वन्द्व, जलवायु आपतकालीन अवस्था र अन्य सङ्कटका कारण विश्वभरका विस्थापित मानिसहरूले अभूतपूर्व आवश्यकताको सामना गरिरहेका छन् । "सौभाग्यवश, यूएनएचसीआरका उदार दाताहरूले यी सङ्कटपूर्ण दिनहरूमा उनीहरूलाई सहयोग जारी राखेका छन्, जसले उनीहरूको सहज भविष्यको आशा जगाएको छ," उहाँले भन्नुभयो ।

# राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता



कास्की । पोखरामा यही पुस १३ देखि १६ गतेसम्म राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । देशका लागि आवश्यक राष्ट्रिय तथा अन्तर ाष्ट्रिय क्षमताका खेलाडी उत्पादन र ब्याडमिन्टन खेलको विकासको लक्ष्यसहित प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना र कास्की जिल्ला ब्याडमिन्टन सङ्घको सञ्चालन तथा व्यवस्थापनमा पोखरा रङ्गशालामा प्रतियोगिता आयोजना गरिएको छ ।

प्रतियोगिताअन्तर्गत १२ इभेण्टमा प्रतिस्पर्धा हुने भएको सङ्घका अध्यक्ष सुशीलकुमार श्रेष्ठले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामाकाठमाडौं,कञ्चनपुर, सुर्खेत, उदयपुर, धादिङ, ललितपुर, भोजपुर, सर्लाहीलगायतका २५ जिल्लाबाट तीन सय बढी खेलाडी सहभागी हुँदैछन् ।

प्रतियोगिताको खुला पुरुष एकल तथा डबलतर्फको विधामा विजेता खेलाडीको टोलीलाई जनही रु ५० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । यसैगरी सोही इभेण्टमा द्वितीय हुनेलाई रु ३० हजार र तृतीय हुनेलाई रु २० हजार नगदको साथमा शिल्ड, मेडल र प्रमाणपत्र वितरण गर्नेछन् ।

प्रतियोगिताअन्तर्गत महिला एकल तथा डबल, मिक्स डबल, ३५ वर्षमाथिको डबल पुरुष उमेर समूह, ४५ वर्षमाथि डबल पुरुष, ५५ वर्षमाथि डबल पुरुषतर्फको विधामा विजेता टोलीले जनही रु ३० हजार, उपविजेताले जनही रु २० हजार र तेस्रो हुनेलाई जनही रु १० हजारको साथमा शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

जुनियर खेलाडीको प्रोत्साहन गर्ने उद्देश्यले १२ वर्षमुनिका खेलाडी सहभागी (यु-१२) र १७ वर्षमुनिका खेलाडी सहभागी (यु-१७) पुरुष तथा महिलातर्फको विधामा प्रतिस्पर्धा हुने भएको छ । सो इभेण्टमा विजेता खेलाडीले जनही रु १५ हजार, दोस्रो हुनेले रु १० हजार र तेस्रो हुनेललाई रु पाँच हजार नगदको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने सङ्का सचिव फडिन्द्रप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो ।रासस

# लुम्बिनीले पोखरालाई हरायो

काठमाण्डु । राजधानीमा जारी पहिलो संस्करणको नेपाल टि ट्वान्टी क्रिकेट लिग प्रतियोगिता अन्तर्गत आज भएको पहिलो खेलमा लुम्बिनी अल स्टार विजयी भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी लुम्बिनी अल स्टारले पोखरा एभेन्जर्सलाई तीन विकेटले पराजित गरेको हो । पोखराले दिएको १३४ रनको लक्ष्य लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।




लुम्बिनीको जितमा कुशल भुर्तेलले सर्वाधिक ३९ रन बनाए भनेसाडले भान स्काल्कविकले अविजित ३१ रन बनाए । साथै, उन्मुक्त चन्दले २२, अनिल शाहले १९ तथा गुल्शन झाले १० रन जोडे ।

बलिङतर्फ पोखराका विपीन खत्री र कुशल मल्लले समान दुई/दुई विकेट लिए भने प्रतिश जिसी, अभिमन्यु मिथुन र जाहिर खानले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३३ रन बनाएको थियो । पोखराका लागि कुशल मल्लले सर्वाधिक ६१ रनको योगदान दिए । उनले ३१ बल खेल्दै पाँच छक्का र पाँच चौकाको मद्दतमा ६१ रन बनाएका थिए । त्यसैगरी उपुल थरङ्गाले ४२ रन जोडे भने विपीन खत्रीले ९ तथा आशिफ शेखले ६ रन जोडे ।

बलिङतर्फ लुम्बिनीका साडले भान स्काल्कविकले तीन विकेट लिए भने किशोर महतो र गुल्सन झाले समान दुई दुई विकेट लिए । त्यस्तै हरमित सिंह र सागर ढकालले समान एक/एक विकेट लिए ।

यस जितसँगै लुम्बिनीले जारी प्रतियोगितामा तेस्रो जित दर्ता गराएको छ । लुम्बिनीले ६ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । त्यस्तै समान तीन खेल खेलेको पोखरा तीनै खेलमा पराजय भोग्दै अङ्क विहीन छ । पोखरा अङ्क तालिकाको अन्तिम स्थानमा छ । प्रतियोगितामा विभिन्न छ टोलीको सहभागिता छ ।

प्रतियोगिताको विजेताले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै तेस्रो हुनले रु १० लाख तथा चौथोले रु पाँच लाख पाउने छन् ।रासस

# दक्षिण कोरियाका पूर्वराष्ट्रपतिलाई आममाफी



**सिन्ह्वा**

सियोल । दक्षिण कोरियाका पूर्वराष्ट्रपति ली म्युङ-बाकका साथै केही अन्य राजनीतिज्ञ र पूर्व सरकारी अधिकारीको जेल सजाय मिनाह गरिएको छ ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले आफ्नो संबैधानिक अधिकार प्रयोग गर्दै मङ्गलबार पूर्वराष्ट्रपति ली म्युङ-बाकसहितका ती अधिकारीको जेल सजायँलाई 'विशेष परिस्थिति' मिनाह गरिदिनुभएको हो ।

सन् २०१३ को फेब्रुअरीसम्म पाँच वर्ष राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएका लीलाई सन् २०२० को अक्टोबरमा घूस खोरी र अनियमिततागरेको अभियोगमा १७ वर्षको जेल सजाय सुनाइएको थियो ।

बुधबारदेखि लागू हुने गरी जेल जीवनलाई 'विशेष मिनाह' गरी बाँकी १५ वर्षको जेल सजायबाट छुट दिइनेछ ।

गत मे महिनामा पदभार ग्रहण गरेयता युनले राष्ट्रपतिका रूपमा दोस्रो पटक पूर्व सरकारी अधिकारीहरूलाई क्षमादान दिनुभएको हो ।

# पर्यटक आगमनमा लगाइएको प्रतिबन्ध हट्यो

**सिन्ह्वा**

बेइजिङ । चीनमा विदेशी पर्यटकको आगमनमा लगाइएको प्रतिबन्ध अन्त्य गरिएको छ।

चीनले जनवरी ८ देखि सुरु हुने अन्तर्राष्ट्रिय आगमनका लागि न्युक्लिड एसिड परीक्षण रद्द गर्ने चिनियाँ विदेश मन्त्रालयको वेबसाइटमा मङ्गलबार जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

यद्यपि, चीन भ्रमणमा आउने यात्रुले चीना प्रस्थान गर्नुभन्दा ४८ घण्टाभित्र पीसीआर परीक्षण गर्नुपर्ने र यसको रिपोर्ट साथमा राख्नुपर्नेछ । कोभिड सङ्क्रमण भएका व्यक्तिहरूलाई रिपोर्ट नेगेटिभ नआएसम्म आफ्नो यात्रा स्थगित गर्न सल्लाह दिइएको छ ।

चिनियाँ कुटनीतिक तथा कन्सुलर नियोगबाट स्वास्थ्य कोडका लागि यात्रुले आवेदन दिन आवश्यक छैन । उनीहरुले भन्सार कार्डमा आफ्नो स्वास्थ्य अवस्थाको घोषणा गर्ने विज्ञप्तिमा उल्लेख छ ।

असामान्य स्वास्थ्य अवस्था घोषणा वा ज्वरोको लक्षण भएका व्यक्तिहरूले भन्सारमा एन्टिजेन परीक्षण गर्नुपर्नेछ । उनीहरूलाई स्वास्थ्य अवस्था हेरेर निको नहुञ्जेलसम्म घरमै एकान्तमा बस्न वा अस्पतालमा उपचार गर्न सल्लाह दिइने बताइएको छ ।

# चीनको सिचुआनमा कोभिडका बिरामी बढे

**एएनआई**

बेइजिङ । चीनको सिचुआन प्रान्तमा कोभिड-१९ का बिरामी बढेका छन् । सिचुआनमा गरिएको सर्वेक्षणमा ६० प्रतिशतभन्दा बढीले कोभिड-१९ को परीक्षण गराउँदा सकारात्मक परिणाम आएको बताएका छन् ।

सरकारी अधिकारीहरूले गरेको अनलाइन सर्वेक्षणमा एक लाख ५८ हजार पाँच सयले भाग लिएका र भाग लिएका र ६३ प्रतिशतले आफ्नो परीक्षणको नतिजा सकारात्मक आएको बताए छन् । सिचुवान प्रान्तको जनसङ्ख्या ८३ लाख छ ।

यसैबीच, सिचुआन सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सनले कोभिडको परीक्षण नगरेका करिब ३० प्रतिशतले आफूलाई ज्वरो आएको र खोकी लागेको बताएकाले वास्तविक सङ्क्रमितको प्रतिशत बढी रहेको बताएको छ । यसै महिनाको प्रारम्भमा कोरेनाभाइरस नियन्त्रणमा सरकारले लचिलो नीति अपनाएपछि बिरामीको सङ्ख्या बढेको हो ।

कोभिडका बिरामी बढेसँगै ज्वरोको औषधि र 'एन्टिजेन' परीक्षण 'किट' पाउन कठिन भएको शानडोङ र युनान प्रान्तका केही भागमा तिको मूल्य बढेको छ । केही स्थानमा औषधिको अभाव भएको छ । साथै कोरोनाले चीनमा पुनः राष्ट्रव्यापी प्रकोपको रुप लिएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् ।

# जापानमा तीन महिनामा चार मन्त्री फेरबदल

**एएफपी**

टोकियो । जापानका पुनर्निर्माण मन्त्रीले आर्थिक अनियमितताको आरोप लागेपछि मङ्गलबार राजीनामा दिनुभएको छ ।

प्रधानमन्त्री फुमियो किशिदाको मन्त्रिमण्डलबाट तीन महिनामा राजीनामा दिने चौथो मन्त्री बन्नुभएको छ ।

आफ्ना सहयोगी, श्रीमती र आमालाई गैरकानुनी राजनीतिक भुक्तानी गरेको आरोपमा आलोचना खेपिरहेका पुनर्निर्माणमन्त्री केन्या अकिबाले पत्रकारहरूसँग भन्नुभयो, "मलाई विश्वास छ कि मेरो कार्यको सन्दर्भमा कुनै अवैधता छैन ।"

उहाँले भन्नुभयो, "तर बजेट र अन्य विधायिकी कार्यसूचीको काम कारबाही रोकियोस् भन्ने मेरो चाहना नरहेकोले पदबाट राजिनामा दिएको छु ।"

किशिदाले आफ्नो कार्यकालको सबैभन्दा कम अनुमोदन रेटिङको सामना गरिरहेका बेला उहाँको मन्त्रीमण्डलका चौथो व्यक्तिको राजीनामा आएको हो ।

सांसदहरू र एकिकृत चर्च सम्प्रदायबीचको सम्बन्धको बारेमा एकपछि अर्को घोटाला र खुलासापछि नागरिकको क्याबिनेटबाट बढ्दो रूपमा मोहभङ्ग भएको हो ।

गत महिना आन्तरिक मामिला मन्त्रीले चुनावी अभियानको आर्थिक अनियमितताको आरोपमा राजीनामा दिनुभएको थियो ।

उहाँको 'लो प्रोफाइल' कामले मृत्युदण्डको सजाय स्वीकृत गर्दा सञ्चारमाध्यममा कभरेज मात्र सिर्जना गरेको भन्दै न्यायमन्त्रीले राजीनामा दिनुभएको थियो ।

अक्टोबरमा, आर्थिक पुनरुत्थानमामिला मन्त्रीले एकिकृत चर्चसँग सम्बन्ध रहेको आरोपपछि राजीनामा दिनुभएको थियो ।

पूर्वप्रधानमन्त्री शिन्जो आबेको हत्याको आरोप लागेका व्यक्तिले आफ्नी आमाले प्रधानमन्त्री पूर्व प्रधानमन्त्री आबेसमेतको सम्लग्नता रहेको चर्चले आफ्नो परिवारलाई आर्थिकरूपमा निकै कमजोर बनाएको भन्दै सङ्गठनप्रति आक्रोश व्यक्त गरेको समाचार सार्वजनिक भएपछि यो सम्प्रदाय चर्चामा आएको थियो ।

आधिकारिकरूपमा विश्व शान्ति र एकीकरणका लागि पारिवारिक महासङ्घको रूपमा चिनिने चर्चले कुनै पनि गलत काम गरेको अस्वीकार गरेको छ ।

# ताइवानमा सैन्य सेवा अनिवार्य गर्ने घोषणा

**एएनआई**

ताइपेइ । ताइवानले सैन्य सेवालाई अनिवार्य गरेको छ । राष्ट्रपति साई इङ-वेनले सैन्य सेवालाई चार महिनादेखि एक वर्षसम्म बढाउने बताउनुभएको छ ।

चीनको स्वशासित टापुमा लगातार बेइजिङसँग तनाव बढेपछि ताइपेइले सैन्य सेवालाई अनिवार्य गरेको हो । आज यहाँ आयोजित पत्रकार सम्मेलनमा राष्ट्रपति साईले बेइजिङबाट आक्रमण भएमा ताइवानको रक्षालाई सुदृढ तुल्याउन नयाँ योजनाको घोषणा गर्नुभयो । राष्ट्रपति साईले सेनामा भर्तीहुनेलाई गहन प्रशिक्षण दिइने, अमेरिका र अन्य देशका उन्नत सेनाबाट सहयोग लिने योजना पनि उहाँले सुनाउनुभयो ।

ताइवान टापुको वर्तमान रक्षा प्रणाली चीनको आक्रामण सामना गर्न अपर्याप्त भएकाले सैन्य सेवालाई अनिवार्य गरिएको जानकारी दिँदै ताइवानी राष्ट्रपतिले 'यो अत्यन्त कठिन निर्णय हो तर राष्ट्रपतिको हैसियत तथा सेनाको प्रमुखको रूपमा आफूले राष्ट्रिय हित र लोकतान्त्रिक जीवन शैलीको रक्षा गर्नु परम कर्तव्य हो,' भन्नुभयो ।



ताइवानी सेना सन् १९९० को सुरुदेखि नै सङ्कुचित भएको छ । अठार वर्षभन्दा माथिका सबै पुरुषले तीन वर्षसम्म सेनामा सेवा गर्नुपर्ने प्रावधान थियो तर पछिल्ला केही दशकमा सैन्य सेवालाई एक वर्ष १० महिनामा घटाएर चार महिनामा झारिएको थियो । अनिवार्य सैनिक सेवाको नयाँ नियम सन् २०२४ को जनवरीदेखि लागू हुनेछ । त्यसै वर्षको सोही महिना ताइवानले अर्को राष्ट्रपति चयन गर्नेछ ।

ताइपेइ र बेइजिङबीचको तनाव गत अगस्टमा अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइपेइ भ्रमणले बढाएको थियो । बेइजिङले ताइवान वरपरको समुद्रमा हालसम्मकै सबैभन्दा ठूलो सैन्य अभ्यास गरेर असन्तुष्टि जनाएको थियो । यद्यपि वासिङटनले एक चीन नीतिप्रति असहमति नजनाए पनि अनौपचारिक रूपमा अन्य माध्यमबाट कूटनीतिक सम्पर्क स्थापना र सम्बन्ध विस्तार गरिरहेको छ ।

ताइपेइले चिनियाँ सैन्य अभ्यासलाई उत्तेजना भड्काउने गतिविधि भएको टिप्पणी गरेको थियो । चीनले आइतबार र सोमबार लडाकु तथा फाइटर विमान र ड्रोनलगायत ताइवानको आकाशमा ७१ वटा विमान र जलक्षेत्रमा सात वटा जहाज तैनाथ गरेको थियो । ताइवानले पनि आफ्नो भूमिमा आधारित क्षेप्यास्त्र प्रणाली र आफ्नै नौसेना जहाजबाट चिनियाँ चालको निरन्तर निगरानी गरिरहेको छ ।

गत अक्टोबरमा बेइजिङमा भएको चिनियाँ कम्युनिष्ट पार्टीको महाधिवेशनमा राष्ट्रपति सी चिनफिङले ताइवानको एकीकरणका निम्ति बल प्रयोग हुनसक्ने बताउनुभएको थियो । चीनले ताइवानलाई आफ्नो अविभाज्य भूभाग भएकाले त्यसलाई मुख्यभूमिमा एकीकरण गर्नु सबै चिनियाँको साझा चाहना भएको बताउँदै आएको छ ।

हार्दिक श्रद्धाञ्जलि



जन्म मिति २०००/६/८
स्व. कृष्णदेव चौधरी
मृत्यु मिति २०७९/९/६

मेरा पुज्नीय पिता कृष्णदेव चौधरीको निधनले मर्माहित तुल्याएको छ । दिवंगत आत्माको चीरशान्तीको लागि माता जानकी सित प्रार्थना गर्दै यो शोकको घडीमा हामीलाई सहानुभूति प्रकट गर्ने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछौं ।

घनानाथ चौधरी
जेष्ठ पुत्र
तथा
अशोक कुमार चौधरी
कान्छो पुत्र
(अध्यक्ष)
निर्माण व्यवसायी संघ, धनुषा

# बढ्यो सुनको मूल्यः चाँदीको स्थिर

काठमाण्डु । नेपाली सुनचाँदी बजारमा मंगलबार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु दुई सयले बढेको छ।



अघिल्लो दिन प्रतितोला रु एक लाख पाँच सयमा कारोबार भएको सुनको मूल्य आज प्रतितोला रु एक लाख सात सय तोकिएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख दुई सय छ। यसको मूल्य अघिल्लो दिन रू एक लाख थियो। त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार तीन सय ९० कायम रहेको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ। हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस एक हजार आठ सय तीन दशमलव ६९ डलर आसपासमा कारोबार भइरहेको छ।रासस

# कुमारी र एनसीसी बैंकले पुस १७ देखि एकीकृत कारोबार गर्ने

काठमाण्डु। कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एन्ड कमर्स (एनसीसी) बैंकले पुस १७ गतेदेखि एकीकृत कारोबार गर्ने भएका छन्।

नेपाल राष्ट्र बैंकले मङ्गलबार एक सूचना जारी गर्दै यी दुई बैंक गाभिएर आउँदो आइतबारदेखि एकीकृत कारोबार गर्ने जनाएको हो। दुवै बैंकबीच गत असोज १० मा मर्जरमा जाने सम्झौता भएको थियो।

गत मङ्सिर २५ गते बसेको दुवै बैंकको विशेष साधारणसभाले मर्जर प्रस्ताव पारित गरेको थियो। अब यी दुवै बैंकको 'कुमारी बैंक लिमिटेड' का नामबाट कारोबार हुनेछ।

मर्जर सम्झौताअनुसार दुवै बैंकबीच शेयर आदानप्रदान अनुपात (स्वाप रेसियो) एक बराबर एक हुनेछ। अर्थात् एकीकृत कारोबारपछि अहिले कुमारी र एनसीसी बैंकका लगानीकर्ताको सेयर संख्या थपघट हुनेछैन।

मर्जरपछि बैंकको केन्द्रीय कार्यालय हाल कुमारी बैंकको केन्द्रीय कार्यालय रहेको कामाडौँ महानगरपालिका-२ स्थित टङ्गालमा रहनेछ।

एकीकृत कारोबारका गर्न डाटा माइक्रेसन प्रयोजनका लागि पुस १५ र १६ गते दुवै बैंकका शाखाबाट प्रदान गर्दै आएको बैंकिङ सेवासमेत प्रभावित हुने बैंकले जारी गरेको सूचनामा उल्लेख छ।रासस

# जलविद्युत्को 'हब' बन्दै कालीकोट



मान्म । भौतिक विकासका पूर्वाधारका हिसाबले पछाडि परेको कालीकोट जिल्ला पछिल्लो समय जलविद्युत्को 'हब' (केन्द्र) बन्न लागेको छ। कालीकोटमा तीन ठूला जलविद्युत् आयोजना निर्माण सुरु हुने भएसँगै जलविद्युत् 'हब' का रूपमा विकास हुने भएको हो।

कालीकोटमा हुम्ला कर्णाली र तिला कर्णालीलगायत सानाठूला गरेर दुई हजारभन्दा बढी मेगावाट विद्युत् उत्पादन गर्न सक्ने नदी तथा खोलाहरू छन्। जिल्लामा चार सय २० मेगावाटको तिला-१, चार सय ४० मेगावाटको तिला-२, चार सय ८० मेगावाटको फुकोट कर्णाली र १६ मेगावाटको पादमघाट जलविद्युत् आयोजनाले निर्माणका लागि ऊर्जा मन्त्रालयबाट अनुमति पाएका छन्।

यी सबै आयोजना बनेका एक हजार पाँच सय ५६ मेगावाट विद्युत् उत्पादन क्षमता राख्छन्। यसको उत्पादनले कालीकोटको मात्र समृद्धिको आधार तयार नपारेर देशकै समृद्धिका आधारका रूपमा विकास सहयोग दिने देखिन्छ। जिल्लामा थुप्रै अन्य जलविद्युत् आयोजना बन्ने ठाउँहरू भए पनि तिनीहरूको उपयोगिता हुन सकेको छैन।

कूल चार सय ८० मेगावाट विद्युत् उत्पादन क्षमताको फुकोट-कर्णाली जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (इआइए), निर्माणका लागि स्वीकृति र विद्युत् उत्पादनका टेष्ट टनेल खोल्ने काम भइसकेको छ। यो आयोजनाको निर्माणको जिम्मा नेपाल सरकारको स्वामित्वमा रहेको ऊर्जा उत्पादन कम्पनी लिमिटेडले लिएको छ।

आयोजनाको विस्तृत डिजाइन, अध्ययन, आयोजनाका लागि जग्गा अधिग्रहण र मुआब्जा वितरणको काम पूरा भइसकेको आयोजना प्रमुख हिरामान वाइवाले जानकारी दिनुभयो। "फुकोट कर्णाली जलविद्युत् आयोजनाको प्रायः सबै काम पूरा भइरहेको छ", उहाँले भन्नुभयो, "लगानीको मोडालिटी टुङ्ग्याउन बाँकी रहेको छ।"

आयोजनाका लागि एक हजार ७५ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा हालसम्म करिब एक हजार रोपनी जग्गा अधिग्रहण भइसकेको आयोजनाले जनाएको छ। आयोजनाबाट कालीकोट जिल्लाका पचालझरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र खाँडाचक्र नगरपालिका प्रभावित हुनेछन्।

यस आयोजना निर्माण भएमा जिल्लावासीले शेयर पाउनाका साथै रोजगारीको सिर्जनासमेत हुने रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताउनुभयो। "यो राष्ट्रिय गौरवको आयोजनाका रूपमा लिएका छौँ। आयोजना निर्माणको काम अगाडि बढ्दा स्थानीयवासी निकै उत्साहित भएका छन्", उहाँले भन्नुभयो।

आयोजनाका लागि रु ९२ अर्ब तीन करोड लाग्ने अनुमान गरिएको छ। निर्माण थालेको पाँच वर्षमा आयोजना पूरा गर्ने लक्ष्य राखिएको छ। सान्नी त्रिवेणी गाउँपालिका-३ लुसाबाट एक किलोमिटर लामो र ११ किलोमिटर व्यास डाइभर्सन सुरुङमार्फत कर्णाली नदीलाई सान्नी त्रिवेणी गाउँपालिका-१ अधेरीखोलामा झारिने आयोजनाले जनाएको छ।

जिल्लाको तिला नदीमा बन्ने तिला-१ र २ जलविद्युत् आयोजनाको क्षमता आठ सय ६० मेगावाट क्षमताको रहेको छ। तिला-१ को विद्युत् उत्पादन क्षमता चार सय २० मेगावाट र तिला-२ को चार सय ४० मेगावाट विद्युत् उत्पादन क्षमता रहेको छ। खाँडाचक्र नगरपालिका-२ मा तिला-१ जलविद्युत् आयोजना निर्माण हुनेछ भने तिलागुफा नगरपालिका-५ खल्लामा तिला-२ जलविद्युत् आयोजना निर्माण हुनेछ।

दुवै आयोजनाको निर्माणको जिम्मा एससी पावर कम्पनीले कम्पनीले लिएको छ। नेपाल विद्युत् प्राधिकरणले तिला-१ र तिला-२ जलविद्युत् आयोजनासँग विद्युत् खरिद सम्झौताका लागि समझदारी भइसकेको छ।

दुई जलविद्युत् आयोजनाको काम भने अहिले अगाडि बढ्न नसकेको खाँडाचक्र नगरपालिकाका उपप्रमुख गणेशबहादुर शाहीले बताउनुभयो। यी आयोजनाबाट कालीकोटका तिलागुफा नगरपालिका, शुभकालिका गाउँपालिका, खाँडाचक्र नगरपालिका प्रभावित क्षेत्र हुने विद्युत् निर्माण एसी पावर कम्पनीका आयोजना प्राविधिक दर्बबहादुर शाहीले बताउनुभयो। दुवै आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), आयोजनाको विस्तृत अध्ययन (डिपिआर) भइसकेको र आयोजना निर्माणका लागि जग्गा अधिग्रहणको काम बाँकी रहेको आयोजनाले जनाएको छ।

कालीकोटमा उत्पादन भएको विद्युत् निकासीका लागि चार सय केभी प्रसारण लाइन निर्माण हुने भएको छ। कालीकोटदेखि दैलेख-सुर्खेत हुँदै कैलालीको लम्कीसम्म विद्युत् निकासीका लागि चार सय केभी प्रसारण लाइन जडान हुने भएको हो।

प्राधिकरणले कालीकोटमा फुकोट कर्णाली जलविद्युत् आयोजना, तिला-१ र २ लगायत माथिल्लो कर्णालीमा निर्माण हुने जलविद्युत् आयोजना निकासीका लागि चार सय केभी प्रसारण लाइन जडान गर्ने तयारी थालेको कर्णाली प्रदेशसभाका सदस्य दुर्गबहादुर रावतले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो चार सय केभी प्रसारण लाइन कालीकोट तथा कर्णालीका माथिल्लो भागमा बन्ने जलविद्युत् आयोजनाका लागि निर्माण हुन लागेको हो।"

प्राधिकरणले चार सय केभी प्रसारण लाइन जडानका लागि कालीकोटमा जग्गा खरिद गरिसकेको र लाइन जडानको अध्ययन पनि भइसकेको जनाएको छ। कालीकोटदेखि दैलेख-सुर्खेत हुँदै कैलालीको लम्कीसम्म विद्युत् निकासीका लागि चार सय केभी प्रसारण लाइन निर्माणका लागि करिब रु १६ अर्ब लगानी लाग्ने प्राधिकरणले जनाएको छ।

कालीकोटमा निर्माण हुने यी आयोजना बनेमा कालीकोट तथा कर्णालीको समृद्धि आधार हुने स्थानीयले बताएका छन्। यी आयोजनाबाट कालीकोटका हजारौँ युवायुवतीले रोजगारी, विद्युत्मा लगानी गर्ने अवसर पाउनेछन्। जलविद्युत् आयोजनाले कालीकोट जिल्ला र कर्णाली प्रदेशका लागि समृद्धिको आधार रहेको यसको विकास गर्नका लागि अहिलेका स्थानीय, प्रदेश र सङ्घीय सरकारले कामको थालनी गर्नुपर्ने सान्नी बताउनुभयो। "जलविद्युत्का ठूला आयोजना बन्नु कालीकोट र कर्णाली प्रदेशका लागि गौरवको विषयमा हो", त्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीले भन्नुभयो।

जिल्लामा सञ्चालन रहेको निर्माण कार्य थालिएका दर्जनौँ लघु जलविद्युत् आयोजना अलपत्र अवस्थामा छन्। जिल्लाका झन्डै २० मेगावाट उत्पादन हुने सक्ने लघु जलविद्युत् आयोजनाहरू रकम अभाव, स्थानीयको विवाद र मर्मतसम्भारको अभावलगायत कारणले अलपत्र अवस्थामा छन्।

तिलागुफा नगरपालिका फाइमहादेव नाम्मगाडस्थित ५७ किलोवाट, नरहरिनाथ गाउँपालिकाको माल्कोटको ३० किलोवाट क्षमताको उच्छव खोला लघुजलविद्युत् आयोजना, ३० किलोवाट क्षमताको तिलागुफा नगरपालिकाको छाप्रेस्थित वालिगाड खोला लघु जलविद्युत् आयोजना, तीन किलोवाट क्षमता भएको चिल्खायाको घट्टेखोला लघुविद्युत् आयोजना विद्युत् बलेर पनि मर्मतसम्भारको अभावमा बन्द भएका छन्।

त्यस्तै ३० किलोवाट क्षमताको कालिका गाउँपालिकाको हाउडीगाड लघु जलविद्युत् आयोजना, ३० किलोवाटको बालिगाड खोला लघु जलविद्युत् आयोजनालगायत दर्जनौँ आयोजना रकम अभावका कारण सञ्चालनमा आउन सकेका छैनन्।

शुभकालिका गाउँपालिकाकै घट्टेगाड जलविद्युत आयोजना (१८ किवा), थिर्पुगाड जलविद्युत् आयोजना (२० किवा), साना लघुजलविद्युत् आयोजना (१५ किवा), नरहरिनाथ गाउँपालिकाको माल्कोट लघु लघुजलविद्युत् (३० किवा) आयोजनाहरू काम अगाडि बढेको भए पनि रकम अभावका कारण काम सुरु हुन सकेको छैन।

हाल पाँच सय किलोवाटको सान्नीगाडको साना जलविद्युत् आयोजना सञ्चालनमा रहेको छ। महावै गाउँपालिकाको गेलास्थित ७० किलोवाट क्षमताको भ्याकुनेगाड जलविद्युत् आयोजना, पचालझरना गाउँपालिकाको ७० किलोवाटको लाफा गाउँ लघुजलविद्युत् आयोजना, ५० किलोवाट क्षमता भएको शुभकालिका गाउँपालिकाको भर्तागाड लघुजलविद्युत् आयोजना पनि सञ्चालनमा आउन सकेका छैनन्।

यस्तै भर्ता, तिलागुफा नगरपालिकाको एक सय किलोवाट क्षमता भएको बच्चुगाड लघुजलविद्युत् आयोजना चिल्खाया, ७० किलोवाट औलाखोला लघुजलविद्युत् आयोजना खिन, ५२ किलोवाट क्षमता भएको बालीगाड लघुजलविद्युत् आयोजना सुकाटिया अलपत्र अवस्थामा रहेका छन्।रासस

# नेप्से परिसूचक ५९ दशमलव ८७ अंकले बढ्यो, झण्डै ४ अर्बको कारोबार

काठमाण्डु । नयाँ सरकार गठन भएपछि सोमबारबाट उकालो लागेको पुँजीबजारले आज पनि निरन्तरता पाएको छ। मङ्गलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ५९ दशमलव ८७ अंकले बढेर एक हजार नौ सय ८३ दशमलव ९५ अंकमा कायम भएको छ।

मंगलबार दुई सय ६१ वटा कम्पनीको एक करोड २० लाख २९ हजार छ सय तीन कित्ता सेयर ६३ हजार ६७ पटक खरिद-बिक्री हुँदा रु तीन अर्ब ८८ करोड ४३ लाख ९७ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा दुई सय दुई वटा कम्पनीको शेयर मूल्य बढेको छ भने जम्मा आठ वटा कम्पनीको मूल्य मात्रै घटेको छ। सबै समूहका उपसूचकहरू हरियो देखिएका छन्।

सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक तीन सय ७२ दशमलव २१ अंकले बढेको छ। त्यस्तै, निजीवन बीमा समूहको उपसूचक दुई सय ८३ दशमलव ४२, होटल तथा पर्यटन समूहको उपसूचक एक सय १७ दशमलव ०१, विकास बैंक समूहको उपसूचक सय दशमलव ३९ र जलविद्युत् समूहको उपसूचक ९५ दशमलव ३५ अंकले बढेको छ।

बैंकिङ समूहको उपसूचक ३५ दशमलव ०७, वित्त समूहको उपसूचक ६७ दशमलव ७३, लगानी समूहको उपसूचक तीन दशमलव ६८, उत्पादन समूहको उपसूचक ७२ दशमलव ३७, लघुवित्त समूहको उपसूचक ५५ दशमलव ५६ र अन्य समूहको उपसूचक ३७ दशमलव ०२ अंकले बढेको छ।

कारोबारमा सिद्धार्थ इन्स्योरेन्स लिमिटेड, मल्टिपर्पोज फाइनान्स कम्पनी लिमिटेड, अजोड इन्स्योरेन्स लिमिटेड, सिर्जनशील लघुवित्त वित्तीय संस्था लिमिटेड, धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र कालिका पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

कारोबारमा लक्ष्मी बैंक लिमिटेडको सबैभन्दा धेरै रु २० करोड ९४ लाख ९० हजार पाँच सय नौ बराबरको १० लाख ७० हजार पाँच सय ९९ कित्ता सेयर खरिद-बिक्री भएको छ।रासस

# किसानलाई हिउँदे बालीनाली जोगाउनै हम्मे

पर्वत । पर्वतका ग्रामीण क्षेत्रमा बाँदर आतङ्क बढ्दै गएको छ। यसले गर्दा हिउँदे बालीनाली लगाउने प्रचलनसमेत कम हुँदै गएको छ भने लगाएकाहरूले पनि पाक्ने बेलासम्म जोगाउन हम्मेहम्मे पर्ने गरेको छ।



जिल्लाको कुश्मा नगरपालिका-९ का पुनाखर पराजुलीले विगत वर्षसम्म १८ रोपनी खेतमा गहुँखेती गर्दै आए पनि अहिले बाँझै रहेको बताउनुभयो। विगतमा मङ्सिर तेस्रो सातासम्म गहुँ उम्रिएर हरियाली हुन्थ्यो। यतिबेला गहुँमा सिँचाइ गर्न व्यस्त हुने पुनाखर यतिबेला फुर्सदिलो बन्नुभएको छ। बाँदर आतङ्क बढ्दै गएपछि पुनाखरको सँगै जोडिएको विष्णुहरि पराजुली र टीकाराम तिवारीको ५० रोपनीभन्दा धेरै जमिन पनि बाँझै छाड्नुभएको छ।

उहाँहरूले धान थन्क्याइसकेपछि सबै जग्गा बाँझै छोड्नुभएको छ। "धान जेनतेन थन्क्याउन सकिन्छ", टीकारामले भन्नुभयो, "हिउँदेखेती जति नै प्रयास गर्दा पनि जोगाउन नसकेपछि आजित भइयो, लगाउनै छोडियो।"

त्यसैगरी फलेवास-४ का रामप्रसाद गौडेलले लगाएको ४० केजी आलु उम्रिन नपाउँदै एक हुल बाँदर पसेर सर्वनास पारिदियो। बिहादी गाउँपालिका-३ का रामु पराजुलीले सहकारीमार्फत बर्सेनि एक सय रोपनीमा सामूहिक आलुखेती गर्दै आउनुभएको थियो। तर बाँदरबाट जोगाउन नसक्ने भएपछि पछिल्लो तीन वर्षयता आलु रोप्नै छाडेको बताउनुभयो।

"एकपटक पल्केपछि खेती सखाप नपारेसम्म नछोड्ने रहेछ", उहाँले बाँदरको हैरानीबारे भन्नुभयो, "हजारौँ खर्च गरेर महिना दिनसम्म खटेको बाली एकै दिनमा सखाप पारिदिएपछि सबै किसान आजित भए। अहिले जति नै प्रयास गर्दा पनि आलुको व्यावसायिक खेती गर्न सकिएन।" बाँदरको हैरानी खेप्न नसकेका उहाँले दुई वर्षयता बाँदरबाट जोगिने बेसार, अदुवा, तोरीलगायत वैकल्पिक खेतीतर्फ लागेको बताउनुभयो।

अहिले जिल्लाभर बाँदरको आतङ्क फैलिएको छ। जिल्लाका ६१ वडामै बाँदरको समस्या नभएको कुनै वडा छैन। कतिपय ठाउँमा किसानले बाली जोगाउन रातदिन जाग्राम बस्नुपरेको छ। बाँदर आतङ्क किसानका लागि टाउको दुखाइको विषय बनेको सरोकारवालाको भनाइ छ। बाँदर धपाउन समूह बनाएर बस्दा पनि समाधान नभएको स्थानीय गुनासो गर्छन्। मोदी-२ का गुरुदत्त चापागाईँले भन्नुभयो, "पहिला कुकुर भुक्दा भाग्थ्यो, अहिले कुकुरलाई नै झम्टिन आउँछ।" जलजला-५ की पार्वती खत्रीले रोपेको २५ केजी आलु बाँदर पसेपछि दुई सय बोट पनि बाँकी नराखेर उखेलेको गुनासो गर्नुभयो।

जिल्लामा आलुको पकेट क्षेत्र मानिने जलजला गाउँपालिकाका बनौ, शालिजा, लेखफाँट, क्याङ, भुकताङ्ले, बाँसखर्कलगायत वडामा आलुखेतीमा पनि बाँदर मुख्य समस्या रहेको भन्दै किसान चिन्तित बनेका छन्। "अहिले आलुमात्रै नभएर सुन्तला पनि खान थालेको छ", बाँसखर्कका समुद्र खत्रीले भन्नुभयो, "पहिला मान्छे देखेर भाग्ने बाँदर अहिले मान्छेलाई नै झम्टिन आउँछ।"

जिल्लाका उच्च भेगमा पर्ने गाउँको मुख्य बाली आलुखेती हो। हिउँदे खेतीका लागि उपयुक्त मानिने कुश्मा र फलेवास नगरपालिकामा पनि बाँदरको हैरानीले किसानले लगाएको कुनै पनि हिउँदे खेती स्याहार्न नपाएको किसानको गुनासो छ। दशकअघिसम्म पर्वतबाट अन्य जिल्लामा गहुँ र गहुँको बीउसमेत निर्यात हुने गरेकामा पछिल्ला वर्षमा गहुँ र गहुँको पिठो तराईका विभिन्न उद्योगको भर पर्नुपरेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ।

जिल्लाको फलेवास नगरपालिकाले चालु वर्ष किसानलाई आलु र गहुँको बीउ निःशुल्क वितरण गर्ने कार्यक्रम रहेको भए पनि अपेक्षित माग नआएको जनाएको छ। "फाट्टफुट्ट माग आएको थियो", कृषि शाखा प्रमुख केदार सापकोटाले भन्नुभयो, "बीउ माग गर्ने किसानले बाँदर जोगाइदिने भए लैजान्छौँ, नत्र लैजाँदैनौँ भनेका छन्।"रासस

# बिचौलियाको मारमा सुन्तला कृषक

रेसुङ्गा । गुल्मीको सदरमुकाम तम्घास बजारमा अहिले सुन्तलाको भाउ प्रतिकिलोग्राम रु एक सय छ। दानाको आकारका भरमा रु पाँचदेखि १० तलमाथि भए पनि यो समयमा सुन्तलाको मूल्य स्थिर रहन्छ।

गुल्मीमा पर्याप्त मात्रामा सुन्तला उत्पादन, स्थानीय बजारमा खपत र बाहिरी बजारमा निर्यात हुँदै आए पनि यसको फाइदा बिचौलीयाले उठाइरहेका छन्। सुन्तला कृषकसँगै उपभोक्ता पनि मारमा परेका छन्।

बजारमा प्रतिकिलोग्राम रु एक सयमा सुन्तला धमाधम बिक्री भए पनि बिचौलियाले सुन्तला कृषकलाई त्यसको आधा रकम तिर्न पनि गाह्रो मान्छन्। सुन्तला बगैँचामा आफूहरूको मोलतोल नचल्ने बिचौलियाकै मनोमानी चल्ने सुन्तला कृषकको गुनासो छ।

बजारमा चलेको मूल्यअनुसार सुन्तला बिक्री गर्न नपाएको छत्रकोट गाउँपालिका-३ का कृषक जितबहादुर झाँक्रीले बताउनुभयो। "सुन्तला बजारीकरणमा निकै समस्या छ, धेरै सस्तोमा बेच्नुपर्ने बाध्यता आइलाग्छ", उहाँले भन्नुभयो, "उनीहरूले तोकेको मूल्यमा नदिए कुहिएर जाने सम्भावना हुन्छ।" आफूहरूले सानो दाना



प्रतिकिलोग्राम रु ४० र ठूलो दाना प्रतिकिलोग्राम रु ५० मा बिक्री गर्ने गरेको उहाँले जानकारी दिनुभयो। उहाँको बगैँचामा अहिले सुन्तलाका पाँच सय बोट छन्। उहाँले वार्षिक नौ सय क्विन्टल सुन्तला बिक्री गर्दै आउनुभएको छ।

सोही ठाउँका अर्का कृषक विष्णु कँडेलको पनि समस्या बजारीकरणको हो। उहाँले बगैँचासम्म गाडी लगेर सुन्तला बजारमा पुर्याउन सुविधायुक्त सडक नभएकाले नोक्सान बेहोर्दै आउनुभएको छ। "बजारमा आफैँले सुन्तला बिक्रीका लागि लैजान गतिलो बाटो छैन", उहाँ भन्नुहुन्छ, "बजारको भन्दा आधा मूल्यमा दिए मात्र सुन्तला बिक्री हुन्छ।" उहाँले नर्सरीसहित सुन्तला बगैँचा स्थापना गर्नुभएको छ।

सोही स्थानकी कृषक पुनकला भुसालको पनि समस्या यही हो। सुन्तलाको बजारीकरणमा कुनै समस्या नभए पनि आफूहरूले भनेको मूल्य भने पर्दैन। बुटवलबाट आएर बगैँचाबाटै सुन्तला बिक्री हुने तर उनीहरूले भनेकै मूल्यमा दिनुपर्ने बाध्यता रहेको भुसालले गुनासो गर्नुभयो।

छत्रकोटमा कृषकबाट सुन्तला खरिद गर्ने र बजारसम्म पुर्याएर उपभोक्तालाई बिक्री गर्न केही छत्रकोटकै स्थानीय, केही पाल्पा र केही बुटवलसम्मबाट आउने गर्दछन्। कृषकले दिएसम्म अझ सस्तोमा बगैँचामा खरिद र नदिए पनि बढीमा प्रतिकिलोग्राम रु ५० सम्ममा खरिद हुने गरेको छ। कृषकहरू पनि यस्तै ठेक्का लिने व्यापारीहरूलाई सुन्तला बेच्न बाध्य छन्।

सुन्तला कृषकलाई आबद्ध गरेर काम गरिरहेको अनमोल कृषक समूहका अध्यक्ष विष्णुप्रसाद पन्तले कृषकले तोकेको मूल्यमा सुन्तलाको बजारीकरण गर्न कोल्डस्टोर आवश्यक रहेको बताउनुभयो। स्थानीय सरकारको सहयोग भएमा आफूहरूले कोल्डस्टोर स्थापना गर्ने र कृषकलाई भनेकै मूल्य दिन सक्ने समूहका अध्यक्ष पन्तको भनाइ छ।

छत्रकोट गाउँपालिकाकी उपाध्यक्ष सावित्रा ज्ञवालीले आफूहरूले यस वर्ष कोल्डस्टोर स्थापनाका लागि बजेट विनियोजन नगरेको जानकारी दिनुभयो। "गाउँपालिकाबाट यो वर्ष सुन्तला कृषकका लागि कोल्डस्टोरको कार्यक्रम छैन्", उहाँले भन्नुभयो, "प्रदेशमा माग गरेका छौँ, भयो भने कृषकको समस्या समाधान हुन्छ।" आफूहरू कृषकको पक्षमा रहेकाले समस्या समाधान गर्ने गाउँपालिका उपाध्यक्ष ज्ञवालीको भनाइ छ। रासस


**गोडैता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गोडैता**
**मधेश प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोलिने बारेको सुचना**

**प्रकाशित मितिः २०७९/०९/१३**

यस कार्यालयको मिति २०७९/०७/२९ गते जनकपुर टुडे राष्ट्रीय दैनिक पत्रिकामा बोलपत्र आह्वान गरिएको Construction of 15 bed hospital in Godaita Municipality-3, simra (Contract No – Godaita/Sarlahi/NCB/W/03/079-080) शिर्षकको निर्माण कार्यको बोलपत्र आह्वान भए अनुसार मिति २०७९/०८/२९ सम्ममा सार्वजनिक खरिद प्रणाली मार्फत दर्ता हुन आएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम मिति २०७९/०९/२० गते दिउसो २:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताब खोलिने भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**छनोट भएका बोलपत्रदाताहरुको नाम र ठेगानाः**

**श्री न्यु ड्रेगन निमार्ण सेवाप्रा.लि,**

**प्रमुख प्रशासकीय अधिकृत**

# दलको नेता विहीबार चयन हुने

टुडे समाचारदाता



जनकपुरधाम । नेपाली कांग्रेस संसदीय दलको निर्वाचन बिहीबार हुने भएको छ ।

सहमतिमा दलको नेता चयन नभएपछि निर्वाचन समितिले चुनावको मिति सार्वजनिक गरेको छ ।

निर्वाचन समितिको संयोजक तथा कांग्रेस मधेश प्रदेश समितिका उपसभापति चन्द्रशेखर यादवले निर्वाचनको मिति बिहीबार तोकेको जानकारी दिए ।

समिति तथा पार्टीका शीर्ष नेताहरुले सहमतिमा दलको नेता चयन गर्ने प्रयास गरेका थिए । सहमति नभएपछि चुनावी प्रक्रियाबाट टुंगो लगाउने भएको छ ।

सरकार गठनको समीकरण फेरबदल भएपछि दलको नेता चयन गर्न केही ढिलाइ भएको छ । एक साता पहिले केन्द्रले तीन सदस्य निर्वाचन समिति गठन गरेको थियो । तर समितिले पाँच दिनपछि निर्वाचन मिति तोकेको छ । दलको नेतामा मुख्यत दुई जना आकांक्षी देखिएका छन् ।

राम सरोज यादव र कृष्णा यादव प्रमुख आकांक्षी छन् । कृष्णा नेपाली कांग्रेसको १४ औं महाधिवेशनबाट मधेश प्रदेशका सभापतिमा निर्वाचित भएका थिए भने रामसरोज पराजित भएका थिए ।

अब पुनःदुबै जना संसदीय दलको नेताको लागि प्रतिस्पर्धामा उत्रेका छन् । कृष्णा यादव पार्टीको केन्द्रीय सभापति शेर बहादुर देउवा समूहका छन् ।

राम सरोज १४ औं महाधिवेशनमा नेता विमलेन्द्र निधि समूहमा थिए । तर पछिल्लो समय उनी पनि देउवा समूहमै गएको बताइएको छ ।

# रेल सञ्चालन सम्झौताको अवधि सकियो

कमलेश ठाकुर

जनकपुरधाम । जनकपुरधाम–जयनगर रेल सेवा सञ्चालन सम्झौताको समय अवधि सकिएको छ । कोंकण रेल निर्माण कम्पनीसँग गरिएको सम्झौता अवधि सकिएको बताइएको छ ।

भारतीय कम्पनीसँग रेल सञ्चालनको लागि नेपाल सरकारले एक वर्षको सम्झौता गरेको थियो । तर आफ्नै स्वामित्वमा रेल सञ्चालन गर्न ढिलाई भएपछि पुनःएक महिनाको लागि सम्झौता अवधि थपिएको नेपाल रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिए ।

उनका अनुसार रेल सञ्चालन अवधि भारतसँगको २६ दिसम्बर राति १२ बजेदेखि सकिएको हो । यही पुस ५ गते भारतीय कम्पनीलाई एक महिना थप गर्न पत्र पठाइएको थियो । आफ्नै स्वामित्वमा रेल सञ्चालनको लागि दर रेटसहितको प्रस्ताव भौतिक पूर्वाधार मन्त्रालयमा फाइल पठाइएको छ । उक्त फाइल भौतिक पूर्वाधार मन्त्रालयमै अड्किएको छ । त्यहाँबाट अर्थ मन्त्रालय जानेछन् । अर्थ मन्त्रालयले प्रस्ताव स्वीकृत गरेर पठाएपछि आफ्नै स्वामित्वमा रेल सञ्चालन गरिने झाले बताए ।




'सुरुवाती चरणमा इक्युमेन्ट, इन्धन कर्मचारी व्यवस्थापन खर्च बढी भएको छ,'उनले भने,'आम्दानी कम भएको छ । यकिन नाफा घाटाको विवरण निकाल्नु पर्छ ।'

जनकपुर–जयनगर रुटमा चलाउन ताम्झामसहित ०७७ असोज २ गते रेल नेपाल ल्याइएको थियो । रेल नेपाल आइपुगेको एक वर्षसम्म इनर्वामा त्रिपाल ओढाएर पार्किङमा राखिएको थियो । रेल नेपाल आएको करिब डेढ वर्षपछि नियमित रुपमा सुरु भएको थियो । केही दिन रित्तै (बिना यात्री) परीक्षण गरिएको थियो । रेल सेवामा २६ जना भारतीय कर्मचारी राखिएको थियो । नेपाल सरकारसँग आवश्यक दक्ष जनशक्ति नहुँदा भारतीय कर्मचारीले रेल गुडइरहेका छन् । भारतबाट रेल चलाउन ३ जना चालक, ३ जना सहचालक, ८ जना स्टेशन मास्टर, ३ जना प्वाइन्स म्यान, ३ जना मेकानिक्स, सिनियर सेक्शन इन्चार्ज १ जना, सुपरभाइजर ३ जना गरी २६ जना भारतीय कर्मचारी राखिएको छ ।

सन् २०१० मा भारत सरकारको पूर्ण अनुदानमा भारतको जयनगरदेखि महोत्तरीको बर्दिवाससम्मको ६९ किलोमिटरमा रेलमार्गका लागि पूर्वाधार निर्माण गरिने सम्झौता दुई देशका सरकारबीच भएको थियो । त्यसका लागि रू. ५ अर्ब २८ करोड रुपैयाँ भारत सरकारले अनुदान दिएको थियो । पहिलो चरणमा जयनगरदेखि जनकपुर हुँदै कुर्थासम्म ३२ किलोमिटरसम्म निर्माणको काम सम्पन्न भएपछि रेल नियमित सुरु भएको थियो ।

रेलमार्ग निर्माणको काम भारतीय अनुदानमा भए पनि रेल भने नेपाल सरकार आफैले किनेका थिए । भन्सारबाहेक रू. ८५ करोड ६५ लाख रुपैयाँमा पाँचओटा डिब्बासहितका दुई सेट रेल नेपाल सरकारले किनेको छ । यसमा रू. १५ करोड भन्सार कर लागेकाले १ अर्ब रुपैयाँ लागतमा नेपाल सरकारले रेल किनेको हो । एक सेट रेलमा पाँचओटा डिब्बा छन्, जसमध्ये एउटा डिब्बा भने एसी कोच छन् । जयनगर–जनकपुर ब्रोडगेज निर्माणका लागि रेल सेवा २०१४ देखि बन्द थियो ।

पहिलो चरणमा भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म ३४ किलोमिटर, दोस्रो चरणमा धनुषाको कुर्थादेखि महोत्तरीको भंगाहासम्म १८ किलोमिटर र तेस्रो चरणमा भंगाहादेखि बर्दिवाससम्म १७ किलोमिटर गरी जम्मा ६९ किलोमिटर रेल सेवा सञ्चालनका गर्ने विभागको तयारी छ ।

# चर्को ब्याजदर विरुद्ध आन्दोलन

टुडे समाचारदाता

वीरगञ्ज । नेपाल राष्ट्र बैंकको चालु पूँजी कर्जा निर्देशिका तथा बैंकहरुको चर्को ब्याज दरका विरुद्ध वीरगञ्ज उद्योग वाणिज्य संघ आन्दोलनमा उत्रेको छ ।

नेपाल राष्ट्र बैंकको गलत आर्थिक नीतिले बजार व्यवसाय तहसनहस भएको भन्दै संघको नेतृत्वमा उद्योगी व्यवसायीहरु आन्दोलनमा उत्रेका छन् ।



आन्दोलनको तेस्रो दिन व्यवसायिक प्रतिष्ठान अगाडि चालु पूँजी कर्जा निर्देशिकाको विरोधमा ब्यानरहरु झुण्ड्याउनुका साथै हातमा कालो पट्टी बाँधेर विरोध जनाएको र आज चौथो दिन बुधबार १३ गते नेपाल राष्ट्र बैंक अगाडि धर्ना दिने कार्यक्रम रहेको संघका अध्यक्ष डा.सुबोध कुमार गुप्ताले बताए ।

राष्ट्र बैंकको गलत मौद्रिक नीति र फितलो अनुगमनको कारण प्रायः वाणिज्य बैंकहरुले बजारमा तरलताको अभाव देखाएर मनोमानी किसिमले ब्याज वृद्धा तथा विभिन्न नीतिगत जटिलताका विरोधमा आन्दोलन गर्नुपर्ने बाध्यता आएको अध्यक्ष गुप्ताले बताए ।

विरोध कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य, उद्योगी, व्यापारी, नागरिक समाज, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

यस अधि संघले पहिलो दिन चर्को ब्याज दर र चालु पूँजी कर्जाको सांकेतिक विरोध स्वरुप वीरगञ्ज उद्योग वाणिज्य संघको कार्यालय र नेपाल राष्ट्र बैंकको मुख्यद्वार अगाडि विभिन्न नाराहरु लेखिएको ब्यानरहरु झुण्डयाइएको थियो ।

वीरगञ्ज उद्योग वाणिज्य संघबाट निस्केको च्यालीले वीरगञ्ज नगरको परिक्रमा गर्दै स्थानीय पसेलीहरुलाई विरोध ब्यानर वितरण, कालो पट्टी बाँधेर अनुरोध गर्दै घण्टाघरमा पुगेर सम्पन्न भएको थियो ।

घण्टाघरमा अध्यक्ष डा. गुप्ताले मुलुक आर्थिक रुपले संकटतर्फ उन्मुख भइरहेको संकेत गर्दै शीघ्र चर्को ब्याज दर र चालु पूँजी कर्जाको अव्यवहारिक र निजीक्षेत्र अमैत्री प्रावधान हटाउन माग गरेका छन् ।

# धान खरिद गर्न सुरु

टुडे समाचारदाता

वीरगञ्ज । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, वीरगञ्ज शाखाले सोमबारदेखि धान खरिद गर्न सुरु गरेको छ ।



धान सुरु गरे पनि सरकारले तोकेको मूल्यमा धान बेच्न किसानहरुलाई समस्या भइरहेको बताइएको छ ।

सोमबार बिहान ९ बजे कार्यालय खुल्ने र धान बोकेका ट्याक्टर कार्यालय परिसरभित्र जान पाउने भए पनि धान लिएर आएका ट्याक्टर आइतबार दिउँसोदेखि नै कार्यालय परिसरबाहिर सडकमा लामबद्ध थिए ।

'निजी मिल वा उद्योगलाई बेच्यो भने यति मूल्य दिँदैनन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई बेच्न ट्याक्टर ढुवैके चार दिनको भाडा तिरेर ल्याउनुपर्छ, चिसोको समय छ, लाइनमा बस्न र रात बिताउनसमेत गाह्रो छ,' किसान ब्रह्मदेव यादवले भने । ट्याक्टरमा राखिएको धान चोरिने डर पनि हुने बताए ।

गत वर्ष कार्यालयको मुख्य गेट नजिकै पार्किङ गरिएको ट्याक्टरबाट दुई बोरा धान हराएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगञ्ज शाखाका कार्यालय प्रमुख विकास कटुवालले बताए ।

निजी मिल वा खाद्य उद्योगले अहिले प्रतिक्विन्टल दुई हजार चार सयदेखि दुई हजार पाँच सय रुपैयाँमा सोना मन्सुली धान खरिद गरिरहेका छन् भने खाद्य कम्पनीको वीरगञ्ज शाखाले सोही धान तीन हजार १२८ रुपैयाँमा खरिद गरिरहेको छ । प्रतिक्विन्टल ६२८ देखि ७२८ रुपियाँ बढी मूल्य पाउने भएकाले किसान खाद्य कम्पनीलाई धान बेच्न चाहन्छन् ।

कार्यालयभित्र सोमबार दिउँसो ३ बजेसम्म ८० वटा ट्याक्टर रहेका र २६ वटा ट्याक्टरको धान तौल काँटा गरी खरिद गरिसकिएको तथा साँझसम्ममा ४० वटा ट्याक्टरको धान खरिद गरिसक्ने लक्ष्य लिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगञ्ज शाखाका सूचना अधिकारी समीर दाहालले बताए ।

खाद्य कम्पनीको कार्यालयमै भेटिएका किसान संघ पर्साका अध्यक्ष सहरुम गद्दीले कार्यालयबाहिर सडकमा धान लोड गरिएका किसानका करिब ३०-३५ वटा ट्याक्टर लामबद्ध रहेको बताएका छन् । साँझमा अझ बढ्ने उनले तर्क गरे ।

किसानको मात्र धान खरिद गर्नका लागि भन्दै शाखाले किसानको लालपुर्जा र सम्बन्धित स्थानीय तहको सिफारिस र नागरिकताको प्रमाणपत्रका आधारमा धान खरिद गर्ने गरेको सूचना अधिकारी दाहालले बताए ।

खाद्य कम्पनीले महँगो मूल्यमा धान खरिद गर्ने गरेकाले किसानभन्दा बिचौलियाको धान खाद्य कम्पनीले खरिद गर्ने गरेको आरोप लाग्ने गरेको छ ।

यस वर्ष सोना मन्सुली धान १० हजार क्विन्टल र जिरा मसिनो दुई हजार क्विन्टल खरिद गर्ने कोटा केन्द्रबाट पाएको खाद्य कम्पनीका वीरगञ्ज शाखाका प्रमुख कटुवालले बताए ।

# हत्या आरोपित साह पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा हत्या आरोपमा एक जना पक्राउ परेको छ ।



विदेह नगरपालिका ७ वेलापट्टिकी ३० वर्षीया कविता देवी साहको हत्या आरोपमा २० वर्षीय दिलीप साह पक्राउ परेका छन् ।

साह मृतक कविताको नातामा भतिजो पर्छन् । दिलीप कविताको जेठाजुको छोरा रहेका छन् ।

सोमबार कविता सुत्ने कोठामा करेन्ट लगाएर दिलीपले उनको हत्या गरेका थिए । सोही क्रममा कविताका १४ महिनाको छोरा कार्तिक कुमार साह घाइते भएका थिए ।

प्रहरी घटनास्थलमा पुग्दा शवलाई हेर्दा हत्या जस्तो लागेपछि अनुसन्धान सुरु गरेको थियो । सोही क्रममा साहको हाथको बुढी औंला तथा घाँटीको भागमा स–साना चिछोरिएको जस्तो दाग प्रहरी देखेका थिए ।

उनको खोजतलासी गर्दा मृतक कविताले प्रयोग गर्ने मोबाइल अन्डर वेयर भित्रबाट बरामद भएको थियो ।

कपडाहरुमा रगत लागेको देखिएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । पछि प्रहरीले साहको घरबाट पनि रगतसहितको कपडा बरामद गरेको थियो । साह अहिले धनुषा प्रहरीको हिरासतमा छन् । उनीमाथि जिल्ला आदालत धनुषाबाट म्याद थप गराई प्रहरीले अनुसन्धान गरिरहेका छन् । कर्तव्य ज्यान शीर्षकमा मुद्दा चलाउने प्रहरीको तयारी छ ।

# पालिकास्तरीय स्वास्थ्य सेवा सुदृढीकरण गोष्ठी

टुडे समाचारदाता

मलंगवा । जिल्ला समन्वय समिति सर्लाहीको आयोजनामा दुई दिने क्षयरोग, मलेरिया, एचआइभी र कोभिड संक्रमणको निदान, उपचार र निदानका बारेमा पालिकास्तरीय स्वास्थ्य सेवा सुदृढीकरण गोष्ठी सम्पन्न भएको छ ।



कार्यक्रममा सोमबार ११ वटा नगरपालिका र मंगलवार ९ वटा गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखाका प्रमुख,सामाजिक विकास अधिकृत,योजना अधिकृतहरु सहभागी भएका थिए ।

सेभ द चिल्ड्रेन,यु.एस र ग्लोबल फण्डको आर्थिक र प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा क्षयरोग, एचआइभी, मलेरिया, कोभिडलगायतका संक्रामक रोगको वर्तमान अवस्था बारेमा जानकारी दिइएको थियो ।

त्यस्तै , सेभ द चिल्ड्रेनका वरिष्ठ कार्यक्रम प्रबन्धक हरिबोल बजगाई,सिनियर टेक्निकल को-अर्डिनेटर डा.लिला बहादुर बस्नेत,प्रमुख कार्यक्रम संयोजक चन्द्र नारायण साह र टि.बी को-अर्डिनेटर मकवुल राइनले क्षयरोग ,मलेरिया, एचआइभी र कोभिड लगायतका रोगहरुको नियन्त्रण ,उपचार र निदानका बारेमा जानकारी दिएका थिए । जिसस प्रमुख कौशल किशोर सिंहको अध्यक्षतामा भएको कार्यक्रममा जिसस उपप्रमुख जीतेन्द्र कुशवाहा,प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम,जिल्ला समन्वय अधिकारी होमनाथ सुवेदीलगायत जिल्लाको २० वटै पालिकाका प्रमुख ,उपप्रमुख,प्रशासकीय अधिकृत,सामाजिक विकास अधिकृत,योजना अधिकृत र स्वास्थ्य शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो।

# लागूऔषधसहित एक जना पक्राउ

रञ्जन यादव

कलैया । बाराको जीतपुर बजारबाट पार्किङ गरी राखिएको अटो चोरी गरी भाग्न लागेको लागूऔषधसहित एक जना पक्राउ परेका छन् ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ७ केराढोकाबाट मंगलबार जीतपुर बजारमा पार्किंग गरी राखेको ना.१.ह.९३३० न.को अटो चोरी गरी भाग्ने क्रममा पर्सा जिल्लाको प्रसौनी गा.पा.५ का २२ वर्षीय राम बिनय प्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी कार्यालय जीतपुरबाट टिएको प्रहरी टोलीले नियन्त्रणमा लिइ चेक जाँच गर्दा यादवको साथमा रहेको कालो प्लास्टिकको झोलामा लागूऔषध फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रहरीले उनको साथबाट नाइट्राभेट ट्याब्लेट ८ पत्ता २३७ गोटी(१ पत्ता बराबर ३० गोटी ,३ गोटी खाई सकेको)सहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए ।

# अस्पतालमै शिशु छाडेर आमा फरार

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको मलंगवास्थित प्रादेशिक अस्पतालमा एक सुत्केरी आमा शिशु जन्माएर फरार भएकी छन् ।



अस्पतालमा सोमबार दिउँसो भर्ना हुन आएकी गर्भवती महिला छोरालाई जन्म दिएपछि फरार भएकी छन् । ती सुत्केरीले अस्पतालको शौचालयमा बच्चा जन्माएर फरार भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. नवलकिशोर झाले जानकारी दिएका छन् ।

शिशुलाई अहिले अस्पताल परिसरमै रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा राखिएको अस्पतालले जनाएको छ ।

शिशुको अवस्था सामान्य रहेको र अस्पतालमा भर्ना हुँदा ती महिलाले आफ्नो नाम सैयम कुमारी, उमेर २२ वर्ष र ठेगाना भारत बिहार राज्य जिल्ला सीतामढी सोनवर्षा उल्लेख गरेकी मे.सु झाले बताए । तर महिलाको सो नाम थर र ठेगाना झुटो हुनसक्ने आशंका गरिएको छ ।

जन्माउना साथ आमा फरार भएकाले सो शिशु अवैध सम्बन्धपछि जन्मिएको हुनसक्ने आशंका गरिएको छ । सर्लाही प्रहरीका निमित्त प्रमुख एवं प्रहरी नायब उपरीक्षक विजय यादवले घटनाको थप अनुसन्धान र फरार महिलाको खोजी भइरहेको बताएका छन्।

ती महिलासँगै अर्को एक जना महिला पनि अस्पतालमा सँगै आएको भनिए पनि प्रस्ट हुन सकेको छैन । सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले शिशुलाई ओसीएमसीमा राखेर हेरचाह भइरहेको जानकारी दिएका छन् ।

# झुट्टा विवरण पेश गर्ने भान्जा र माइजु नियन्त्रणमा

टुडे समाचारदाता

राजबिराज । नेपाली नागरिकता लिन खोज्ने भारतीय नागरिक र उनलाई सघाउने एक महिलालाई प्रहरीले पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ तरहीकी ५० वर्षीया फुलिया देवी मुखीया र भारतको बिहार राज्य मधुबनी जिल्ला फुलपरास ग्राम पंचायतका २० वर्षीय धीरज कुमार मुखिया रहेका छन् ।

पक्राउ परेका मध्ये फुलिया देवी माइजु र धीरज भान्जा नाताका रहेका छन् । भारतीय नागरिक धीरजलाई छोरा हो भन्दै विभिन्न किर्ते कागजात तयार गरी सप्तरीको बोदे बसाईन नगरपालिका स्थित इलाका प्रशासन कार्यालय पुगेका बेला सोमबार माइजु र भान्जा पक्राउ परेका छन् ।

भारतीय भान्जालाई छोरा हो भनी फुलिया देवीले झुट्टा विवरण र किर्ते कागजात पेश गरेपछि शंका लागेर चेक जाँच गर्दा सत्य खुलेको र दुबै जनालाई पक्राउ गरेको डिएसपी नरेश कुमार सिंहले बताए ।

दुबै जनालाई मंगलवार सप्तरी जिल्ला अदालतमा नागरिकता सम्बन्धी कसुरमा उपस्थित गराएको र अदालतबाट सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको जानकारी दिएका छन् ।

नागरिकले नागरिकता पाउन विभिन्न प्रक्रिया पूरा गर्नुपर्छ । वडा कार्यालय देखि प्रशासन कार्यालय सम्म विभिन्न प्रक्रिया पूरा गर्दै अधिकार प्राप्त अधिकारी सामु थरि थरिका प्रमाण पुऱ्याउनु पर्ने कानूनी प्रावधान छ । तर बेला बेलामा झुट्टा विवरण, किर्ते कागजात त कतै मिलेमतोमै नागरिकता लिने दिने गरेको घट्ना सार्वजनिक हुने गरेको छ ।

माइजु र भान्जाको घट्नाको सन्दर्भमा भने इलाका प्रशासन कार्यालयका अधिकार प्राप्त अधिकारीले समय मै ध्यान पुऱ्याउदा त्यस्ता अवैध र गैर कानूनी काम गर्ने व्यक्ति प्रहरी फन्दामा परेको स्थानीय बताउँछन् ।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

**आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८